# बालमैत्री शिक्षण व्यवस्थापन र यसको शैक्षिक प्रभाव

**त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय शिक्षा योजना**
**तथा व्यवथापन विभागस्नातकोत्तर तह (एम.एड),**
**द्वितीय वर्षको आंशिक आवश्यकता पूरा**
**गर्नका लागितयार पारिएको**
**शोधपत्र**

## शोधकर्ता


टीकाराम सापकोटा

परीक्षा रोल नं. २४००३४/२०६९

क्याम्पस रोल्नं. २०/२०६७

त्रि.वि. दर्ता नं. ३२०८-८३

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय
शिक्षा योजना तथा व्यवथापन विभाग
सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन



२०७२/२०१५

# शिक्षा योजना तथा व्यवस्थापन विभाग

**सिफारिस पत्र**

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय सप्तगण्डकी बहुमुखी क्याम्पसशिक्षा योजना तथा व्यवथापन विभाग स्नातकोत्तर तहका शोधकर्ता टीकाराम सापकोटा द्वारा "बालमैत्री शिक्षण व्यवस्थापन र यसको शैक्षिक प्रभाव" शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार गर्नु भएको हो । निजबाट तयार पारिएको यस अध्ययनबाट म सन्तुष्ट छु र यसको मूल्याङ्कनका लागिसिफारिस गर्दछु ।

उप प्रा. देन प्रसाद लामिछाने
शोध निर्देशक
शिक्षा योजना तथा व्यवस्थापन
विभाग, सप्तगण्डकी बहुमुखी क्याम्पस,
भरतपुर, चितवन

मिति : २०७२

# शिक्षा योजना तथा व्यवस्थापन विभाग

## स्वीकृति -पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय सप्तगण्डकी बहुमुखी क्याम्पसशिक्षा योजना तथा व्यवथापन विभाग स्नातकोत्तर तहका शोधकर्ता टीकाराम सापकोटा द्वारा तयार पारिएको “बालमैत्री शिक्षण व्यवस्थापन र यसको शैक्षिक प्रभाव” शीर्षकको शोधपत्र स्वीकृतिका लागि प्रस्तुत गर्नु भएकोले मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

**शोध मूल्याङ्कन समिति**

१. उप प्रा. श्री कुवेरनाथ शर्मा — विभागिय प्रमुख ................................

२. उप. प्रा. श्री देन प्रसाद लामिछाने — शोध निर्देशक ..................................

३. — बाह्य परिक्षक ..................................

# कृतज्ञता

प्रस्तुत शोधपत्र शिक्षा शास्त्र संकाय अन्तर्गत शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि तयार पारिएको हो ।

यस शोधपत्रको तयारीको क्रममा सुरू देखि नै आफ्नो अमूल्य समय प्रदान गरि मार्ग दर्शन गर्नु भई अध्ययन कार्यलाई सफल पार्न, शोधपत्रको प्रारुप तयार पार्न र यसलाई पूर्णता दिन हर समय सहयोग गर्ने आदरणीय गुरु उप प्रा. देन प्रसाद लामिछानेज्यू प्रति हार्दिक कृतज्ञता प्रदान गर्दछु । त्यसै गरी यस क्रममा सहयोग पुऱ्याउनुहुने आदरणीय गूरु एवं विभागीय प्रमुख श्री कुवेरनाथ शर्मा प्रति पनि आभारी छु । त्यस्तै उप. प्रा. होमनाथ सापकोटा प्रति पनि आभारी छु ।

त्यसै गरी अध्ययनमा सूचना संकलन गर्ने कार्यमा आवश्यक सूचनाहरू प्रदानगरी सहयोग पुऱ्याउनु हुने आदिकवि भानुभक्त उ.मा.वि.का प्र.अ., शिक्षकज्यूहरू, नयाँ किरण मा.वि.का प्र.अ. तथा शिक्षक ज्यूहरू बालकुमारी उच्च मा.वि.का प्र.अ. तथा शिक्षक ज्यूहरू, बालकुमारी कन्या उ.मा.वि.का प्र.अ. तथा शिक्षकज्यूहरू एवं चित्रसेन प्रा.वि.का प्र.अ. तथा शिक्षकज्यूहरू, अभिभावकज्यूहरू एवं विद्यार्थीहरू प्रति हार्दिक धन्यवादज्ञापन गर्दछु । त्यस्तै लंकु स्रोतकेन्द्रका स्रोतव्यक्ति प्रति पनि आभारी छु ।

अन्तमा यस शोधकार्य सम्पन्न गर्नको लागि पूर्ण रूपमा सहयोग गर्ने जीवन संगिनी शान्ति सापकोटा प्रति कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै छोरी प्रतिभा एवं छोरा प्रकाशलाई धन्यवाद दिन चाहन्छु । साथै कम्प्यूटर टाइपिङमा सहयोग पुऱ्याउनु हुने शौरव टाइपिङ सेन्टर तथा पौडेल टाइपिङ सेन्टरलाई पनि विशेष धन्यवाद दिन चाहन्छु ।

टीकाराम सापकोटा

सप्तगण्डकी बहुमुखी क्याम्पस

स्नातकोत्तर तह, दास्रो वर्ष

# शोधसार

बालमैत्री शिक्षण व्यवस्थापन र यसको शैक्षिक प्रभाव नामक शीर्षक चयन गरी तयार गरिएको प्रस्तुत शोधपत्र बालमैत्री शिक्षण व्यवस्थापनको वर्तमान अवस्था पहिचान गर्नु, बालमेत्री शिक्षण व्यवस्थापनाको प्रभावको लेखाजोखा गर्नु, यसका मूख्य समस्याहरू पत्तालगाउनु र ती समस्याहरूका समाधानका उपायहरू खोजीगर्नु जस्ता उद्देश्यमा केन्द्रित गरिएको छ ।

अध्ययनलाई उद्देश्य अनुसार पूर्णता प्रदान गर्ने अभिप्रायले प्रस्तुत अनुसन्धानसँग सम्बन्धित लेखरचनाहरू तथा पत्र पत्रिकालाई साहित्यको पुनरावलोकनको रूपमा समीक्षा गर्नुका साथै फ्रोबेलको बाल बगैंचा र मारिया मन्टेश्वरीको मन्टेश्वरी सिद्धान्तलाई सैद्धान्तिक खाकाको रूपमा लिइएको छ । यस अध्ययनको क्रममा प्राप्त भएका तथ्याङ्कहरू एवं सूचनाहरूलाई विवरणात्मक ढंगबाट व्याख्या एवं विश्लेषण गरी उद्देश्य अनुसार पूर्णता प्रदान गरिएको प्रस्तुत शोधपत्र मूख्य रूपमा गुणात्मक ढाँचाको रहेको छ ।

भरतपुर उ.म.न.पा. अन्तर्गत लंकु स्रोतकेन्द्रमा पर्ने छ वटा विद्यालयहरूका प्र.अ., शिक्षकहरू, विद्यार्थीहरू, अभिभावक ज्यूहरू तथा वि.व्य.स. सदस्यहरू तथा स्रोत व्यक्ति समेत गरी जम्मा ५५ जनालाई अध्ययनको जनसंख्याको रूपमा चयन गरी प्राथमिक तथा द्वितीय तथ्याङ्कका स्रोतहरूको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । छलफल, अवलोकन प्रश्नावलीका आधारमा तयार गरिएका तथ्यहरूलाई उद्देश्य अनुसार व्याख्या एवं विश्लेषण गरिएको छ । बालबालिकाहरूको शारीरिक, मानसिक तथा व्यवहारगत परिवर्तनका लागि शिक्षण सिकाइ क्रियाकलाप तथा भौतिक वातावरण बालमैत्री हुनु पर्नेमा सम्बन्धित सबैको एउटै धारणा रहेको पाइयो ।

बालबालिकाहरूलाई सहज र प्राकृतिक रूपमा सिक्ने वातावरण निर्माण गर्न भेदभाव रहित वातावरणमा दण्डरहित सिकाइमा जोड दिएमा विद्यालयहरू बालमैत्री बन्न सक्छन् । यसो भएमा कक्षा दोहोऱ्याउने, छाडने दरमा अवस्य पनि सकारात्मक प्रभाव पर्न जान्छ । छनोटमा परेका विद्यालयहरूको वर्तमान भौतिक अवस्था एवं शैक्षिक व्यवस्थापन खासै बालमैत्री छैन तर सामान्य रूपमा त्यसलाई धारणा अनुसार बालमनोविज्ञानको हिसावले रमाइलो मनोरञ्जनात्मक

एवं बालकेन्द्रित बनाउन सकेको खण्डमा मात्र शिक्षाका उद्देश्य पूरा हुन सक्ने हुँदा यसको व्यस्थापनमा बालमैत्री अवधारणालाई आत्मसात गर्नुपर्ने कुरा प्रस्तुत शोधपत्रको निष्कर्षको रूपमा प्रस्तुत गरिएको छ । छनोटमा परेका विद्यालयहरूको वास्तविक अवस्था एवं त्यहाँ देखिएका कमी कमजोरीहरूलाई औल्याउदै नीतिगत तह कार्यान्वयन तह तथा भावि अनुसन्धान कर्ताहरूको लागि समेत सुझाव प्रस्तुत गरी यो शोधपत्र तयार गरिएको छ ।

# विषय सूची

**सिफारिस पत्र**

**स्वीकृति पत्र**

**कृतज्ञता**

**शोधसार**

**संक्षेपिकृत शब्दावली**

**विषय सूची**

**परिच्छेद एक : परिचय**

१.१ अध्ययनको पृष्ठभुमि १

१.२ समस्याको कथन ५

१.३ अध्ययनको औचित्य ६

१.४ अध्ययनको उद्देश्य ७

१.५ अनुसन्धनात्मक प्रश्नहरु ७

१.६ अध्ययनका परिसिमाहरु ७

**परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका**

२.१ संबन्धित साहित्यको पुनरावलोकन १०

२.२ सैद्धान्तिक खाका १६

२.३ शैक्षिक उपादेयता १९

**परिच्छेद तीन : अध्ययन विधि र प्रक्रिया**

३.१ अनुसन्धान ढाँचा २१

३.२ जनसंख्या र नमुना छनौट २२

३.३ अध्ययनका साधन २२

३.४ तथ्याङ्कका स्रोतहरु २३

३.५ तथ्याङ्क संकलन विधि २४

३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण २४

**परिच्छेद चार तथ्याङ्कको व्याख्या र विश्लेषण**

४.१ बालमैत्री शिक्षण व्यवस्थापनको वर्तमान अवस्था २५

४.२ बालमैत्री शिक्षण व्यवस्थापनबाट शैक्षिक क्षेत्रमा पर्ने प्रभाव ३३

४.३ बालमैत्री शिक्षण व्यवस्थापनमा रहेका समस्याहरु ३९

४.४ बालमैत्री शिक्षण व्यवस्थापनमा रहेका समस्या समाधानका उपायहरु ४२

४.५ प्राप्तिको सारांश ४५

**परिच्छेद पाँच : निष्कर्ष र सुझावहरू**

५.१ निष्कर्ष ४६

५.२ सुझावहरु ४९

**सन्दर्भग्रन्थ**

**अनुसूचीहरु**

# संक्षेपिकृत शब्दावली

| | |
|---|---|
| प्रा.वि. | : प्राथमिक विद्यालय |
| नि.मा.वि. | : निम्न माध्यमिक विद्यालय |
| मा.वि. | : माध्यमिक विद्यालय |
| उ.मा.वि. | : उच्च माध्यमिक विद्यालय |
| प्र.अ. | : प्रधानाध्यापक |
| स.प्र.अ. | : सहायक प्रधानाध्यापक |
| वि.व्य.स. | : विद्यालय व्यवस्थापन समिति |
| वि.नि | : विद्यालय निरिक्षक |
| भ.उ.म.न.पा. | : भरतपुर उप. महानगरपालिका |

# परिच्छेद एक

# अध्ययनको परिचय

## १.१ अध्ययनको पृष्ठभुमि

कुनै पनि राष्ट्र विकासको प्रमुख आधार शिक्षा हो । तसर्थ हरेक राष्ट्रले आफ्नो देशको आवश्यकता एवम् क्षमता अनुसार शिक्षामा पनि लगानी गरिरहेका छन् । शिक्षालाई विकासको मेरुदण्ड मानिएको छ । शिक्षा विना देशको विकास असम्भव छ, तसर्थ हरेक राष्ट्रले आफ्नो देशको ठूलो धनराशी शिक्षा क्षेत्रमा लगाएका छन्, तर त्यसको प्रतिफल सन्तोषजनक छैन ।

हाम्रो देश नेपालमा पनि शिक्षाको सुरुवात प्राचीन कालबाट भएको मानिन्छ । त्यसवेलाको शिक्षा गुरुकेन्द्रित संस्कृत शिक्षा थियो । गुरुको आज्ञा अनुसार शिष्यले पढ्नु पर्दथ्यो । कुनै लिखित पाठ्यक्रम पनि थिएन,सबै कुराको केन्द्रबिन्दु गुरु नै मानिन्थे ।

समयको गतिसँगसँगै शिक्षामा पनि परिवर्तन हुँदै गयो । वि.सं. १९१० मा राणा प्रधानमन्त्री जंगबहादुर राणाको बेलायत भ्रमण पश्चात त्यहाँको अंग्रेजी शिक्षाबाट प्रभावित भएर खोलिएको दरवार हाइस्कुल नै नेपाली इतिहासमा पहिलो औपचारिक विद्यालयका रुपमा चिनिन आएको पाइन्छ । (शिक्षा नियमावली २०२८) ।

नेपालको शैक्षिक इतिहासमा वि.सं. २०२८ सालदेखि शिक्षामा आधुनिक काल शुरु भएको मानिन्छ । यसबेलादेखि शिक्षामा सुधारका प्रयासहरु पनि हुँदै आएका छन् । राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ देखि नेपाल अधिराज्यभर एक किसिमको प्राथमिक पाठ्यक्रम लागु गरिएको थियो । त्यस्तै वि.सं. २०३२ सालदेखि प्राथमिक शिक्षा कक्षा एक देखि ३ सम्म निःशुल्क एवम् पाठ्यपुस्तक पनि निःशुल्क वितरण गरिएको थियो । त्यसपछि क्रमशः शिक्षाक्षेत्रमा विकासका प्रयासहरु हुँदै गए तर पनि चाहे अनुसार शिक्षामा सुधार हुन सकेन

तसर्थ विभिन्न प्रयास हुँदै गर्दा विद्यार्थीलाई गुणस्तरीय शिक्षा प्रदान गर्नको लागि बालमैत्री शिक्षण व्यवस्थापनको धारणा प्रयोगमा आयो ।

गुणस्तरीय शिक्षा प्रदान एवम् शिक्षामा प्रवर्द्धनका लागि बालबालिकाको रुचि, क्षमता तथा आवश्यकता अनुसार शिक्षा आर्जन गर्ने वातावरण सृजना गर्नु अति आवश्ययक पऱ्यो । विद्यार्थीको सिकाइ उपलब्धिलाई उच्च बनाउन समुदाय तथा विद्यालयको वातावरण बालमैत्री बनाउनु नै यसको विकल्प हो । हुनत विद्यालयमा विभिन्न सांस्कृतिक, सामाजिक, धार्मिक, आर्थिक तथा जातजाति आदि विविध पृष्ठभूमि भएका बालबीलकाको प्रतिनिधित्व हुन्छ । यसप्रकारको विविधतामा बालमैत्री व्यवस्थापन निश्चय नै चुनौतिको विषय हो तर असम्भव भने होइन । बालमैत्री बनाउन विद्यालयमा विभिन्न कुराहरुलाई समेट्न सकिन्छ ।

बालमैत्री शिक्षण भन्नाले त्यसप्रकारको शिक्षण जहाँ बालबालिकाहरुलाई मुख्य रुपमा केन्द्रबिन्दुमा राखेर शिक्षण क्रियाकलाप सञ्चालन गरिन्छ । बालबालिकालाई आवश्यकता अनुसार अर्थात गति र क्षमता अनुसार शिक्षा प्रदान गरिन्छ । बालबालिकाको आवश्यकता तथा चाहना अनुसार रमाइलो वातावरणमा माया ममताका साथ दण्ड रहित तरिकाबाट अध्ययन अध्यापन कार्य सञ्चालन गरिन्छ ।

व्यवस्थापन भन्नाले सामान्य अर्थमा कुनै पनि पक्षको राम्रो तवरले बन्दोवस्त गर्नु तथा सञ्चालन गर्नु वा परिचालन गर्नु भन्ने बुझिन्छ । विद्यालयमा पनि व्यवस्थापनको महत्व अत्यन्त ठूलो छ । उचित किसिमले व्यवस्थापन हुन सकेन भने विद्यालयले सही बाटो लिन सक्दैन र असफलता तर्फ अगाडि बढ्दछ । विद्यालय एक सामाजिक तथा शैक्षिक संस्था भएकोले यसको ज्यादै राम्रो व्यवस्थापन हुनु जरुरी छ । देशका कर्णधार निर्माण गर्ने स्थाानमा उचित व्यवस्थापन गरेमा मात्र उचित शैक्षिक उपलब्धि प्राप्त गर्न सकिन्छ ।

हेनरी फोयलका अनुसार संगठनमा कार्यरत व्यक्तिहरुको प्रयासलाई योजना गर्नु, निर्देशन दिनु, समन्वय गर्नु एवम् नियन्त्रण गर्नुलाई नै व्यवस्थापन भनिन्छ । त्यस्तै पिटर ड्रकरका

अनुसार व्यवस्थापन बहुउद्देश्यीय अंग हो, जसले व्यवसाय, व्यवस्थापक र कामदारहरु एवम् कामलाई व्यवस्थित गर्दछ ।

बालमैत्री विद्यालयमा शिक्षकहरु दण्डरहित तरिकाबाट शिक्षण गर्दछन् । शिक्षकहरु तालिमप्राप्त र मिजाशिला तथा मायालु प्रवृत्तिका हुन्छन् । बालमैत्री विद्यालयको अवधारणामा भौतिक पक्ष कम र व्यवहारिक पक्ष बढी हुने गर्दछ । बालमैत्री विद्यालयमा धेरै भौतिक सुविधा चाहिन्छ भन्ने बुझ्नु हुँदैन । बालमैत्री विद्यालयमा बालबालिका पहिला रणनीति लागु हुन्छ त्यसलाई व्यवहारमा उतार्नु अनिवार्य छ । अहिले विद्यालयमा समावेशीता भन्ने शब्द धेरै सुनिन्छ तर यसको मर्म बुझेको पाइँदैन । यसको तात्पर्य, विविधताको सम्मान र त्यसलाई यथोचित सम्बोधन गर्ने कुरा भुल्नु हुँदैन । कक्षाकोठामा रहेका विद्यार्थीहरु पनि विविध प्रकारका हुने भएकाले त्यसलाई विचार गरी यथोचित व्यवहार गर्नु पर्दछ । सबै विद्यार्थीलाई समान रुपले व्यवहार गरिनु पर्दछ ।

बालमैत्री विद्यालयका विद्यार्थीका लागि शारीरिक, मानसिक र संवेगात्मक रुपमा सुरक्षित हुनु पर्दछ । यसका लागि शिक्षकको असल व्यवहार र सजगता एवम् सुझबुझ हुनु आवश्यक छ । तर हाम्रो् वर्तमान अवस्थामा विद्यालयमा यसप्रकारको व्यवहार कमै पाइन्छ ।

विद्यालयको नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन र मूल्यांकनमा पनि बालबालिकाका अभिभावकहरुको तथा समुदायलाई पनि प्रत्यक्ष रुपमा सहभागी बनाउनु अनिवार्य हुन्छ । तर व्यवहारमा भने त्यस्तै कमै देखिन्छ । सबै विद्यार्थीहरुलाई समान व्यवहार, माया र आर गर्ने तथा विद्यार्थीका अगाडि शिक्षक एक नमुना भएर उनीहरुको क्षमता, चाहना र गतिका आधारमा तयारीका साथ सजाय रहित शिक्षण गर्ने कुरा बालमैत्री विद्यालयका लागि अनिवार्य हुन्छन् ।

संयुक्त राष्ट्रसंघीय निकाय WHOका अनुसार बालमैत्री विद्यालयका ९ वटा प्रमुख तत्वहरु यसप्रकार छन् :

क) भौतिक वातावरण

ख) भवन तथा सुविधा

ग) सिकाइका उपकरण र सामग्रीहरु

घ) मनो सामाजिक वातावरण

ङ) विद्यार्थी सहभागिता

च) सक्रिय सहभागिता मूलक सिकाइ

छ) घर-विद्यालयको सम्बन्ध

ज) विद्यालय समुदाय सम्बन्ध

झ) विद्यालय स्वास्थ्य प्रवर्द्धन

यसरी कुनै पनि विद्यालयमा आवश्यक शैक्षिक उपलब्धिका लागि विद्यालयको वातावरण बालमैत्री हुनु आवश्यक देखिन्छ । बालबालिकाहरुको मनोभावनालाई आत्मसाथ गर्दै सोही अनुसार व्यवस्थापन गरेर शैक्षिक क्रियाकलापलाईअगाडि बढाउनु वर्तमान परिवेशको टड्कारो आवश्यकताका रुपमा देखिन्छ । यिनै कुराहरुलाई लक्षित गर्दै बालमैत्री शिक्षण व्यवस्थापन र यसको शैक्षिक प्रभाव नामक शीर्षकमा प्रस्तुत शोधपत्र तयार गरिएको छ ।

## १.२ समस्याको कथन

हामी शिक्षाको गुणस्तरको बारेमा धेरै कुराहरु त गर्छौं तर यसको बारेमा पूर्ण जानकारी धेरैले राख्दैनौ । त्यस्तै हामी शिक्षण व्यवस्थापनका कुरा गर्दछौं तर व्यवहारमा हामी परम्परागत शैली प्रयोग गरिरहेका हुन्छौं । धेरै कुराहरु गर्नुभन्दा एक एक गरिकन आफ्ना व्यवहारमा परिवर्तन गर्दै बालमैत्री बनाउनुतर्फ अघि बढ्नु सान्दर्भिक हुनेछ ।

हामी शिक्षा क्षेत्रमा काम गर्ने सबैलाई अहिले एउटा चिन्ता छ । देशको राम्रै लगानी भएको क्षेत्रको उपलब्धि भने कम छ , विद्यार्थीहरु राम्ररी ध्यान दिएर पढ्दैनन्, त्यस्तै अनुशासनको पालनामा पनि त्यति ध्यान दिँदैनन् तर हामीहरुले आफूले गर्नुपर्ने कुराहरु गरेका छौं कि छैनौं त ? शिक्षाको माथिल्लो तहदेखि तल्लो तहसम्म यसको बारेमा

अध्ययन हुनु जरुरी छ । जहाँ समस्या रहन्छ त्यहाँ समाधान पनि हुन्छ भन्ने कुरालाई ध्यानमा राखेर हामीले अगाडि बढ्नु पर्दछ ।

समस्या हरेक क्षेत्रमा छन्, शिक्षाजस्तो गहन एवम् संवेदनशील विषयमा समस्याहरु अझ धेरै छन् ।वर्तमान अवस्थामा शिक्षा क्षेत्रमा भनेको जस्तो उपलब्धि प्राप्त छैन । शैक्षिक उपलब्धि बढ्ला भन्दा घट्दो छ । विद्यार्थीमा पढाइप्रति कुनै चाहना छैन, अनुशासन कायम गर्नमा पनि एकदम समस्या छ । विद्यार्थीहरु अराजक छन् । वर्तमान परिवेशमा यस्तो अवस्था सृजना हुनुमा विद्यालयमा बालबालिकाले अध्ययन गर्ने वातावरण उपयुक्त हुन नसकेर त होइन ? विद्यालयमा शिक्षक तथा बालबालिकाको आपसी सम्बन्धले शैक्षिक उपलब्धिमा के कस्तो प्रभाव पारि रहेको छ ? किन अझै सम्म पनि बालमैत्री शिक्षणकार्यकलापलाई व्यवहारमा उतार्न सहज भइ रहेको छैन ? बालमैत्री शिक्षण व्यवस्थापनले अभिभावक तथा विद्यार्थीमा के कस्तो प्रभाव पार्न सक्दछ भन्ने जस्ता कुराहरुलाई मुख्य समस्याका रुपमा लिएर प्रस्तुत शोधपत्र तयार गरिएको छ :

## १.३ अध्ययनको औचित्य

शिक्षालाई राष्ट्र विकासको एउटा महत्वपूर्ण संवेदशील अंगको रुपमा लिइएको छ । शिक्षाविना देशको विकास असम्भव छ । शिक्षामा समय सापेक्ष सुधार गर्न सकिएको छैन भन्ने कुरा सर्वविधितै छ । शिक्षा क्षेत्रको सुधारका लागि धेरै प्रयास भएका पनि छन् र कतिपय कुराहरु गर्न बाँकि पनि छन् । शिक्षामा उपलब्धि न्यून छ र गुणस्तरमा कमी छ । यस सन्दर्भमा बालमैत्री शिक्षण व्यवस्थापन र यसको शैक्षिक प्रभाव नामक शीर्षकमा गरिएको प्रस्तुत शोधपत्रले शिक्षण सिकाइ क्रियाकलाप केही मात्रामा भए पनि सुधार गर्न सक्ने देखिन्छ । भोलिका दिनहरुमा विद्यालयमा बालमैत्री शैक्षिक वातावरण निर्माण गरी बालबालिकाहरुलाई शिक्षण गर्नका लागि समेत यो शोधपत्र प्रभावकारी हुने छ । बालमैत्री शिक्षण व्यवस्थापन र यसको शैक्षिक प्रभाव नामक शीर्षकमा गरिएको प्रस्तुत अध्ययनको औचित्यलाई निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गरिएको छ :

क) विद्यालयको शिक्षण सिकाइ क्रियाकलापलाई बालमैत्री बनाइ शैक्षिक उपलब्धि वृद्धि गर्नमा प्रस्तुत शोधपत्र उपयोगी सिद्ध रहनेछ ।

ख) बालबालिकाहरुलाई के कसरी शिक्षण गर्नु आवश्यक हुन्छ कुराको मार्ग प्रशस्त गर्नका लागि थप सहयोग प्रदान गर्नेछ ।

ग) सिकाइलाई स्पष्ट र व्यवहारिक बनाउन मद्दत गर्दछ ।

घ) विद्यालयमा शिक्षक विद्यार्थी बिचको सम्बन्धलाई सुमधुर बनाई शैक्षिक कार्यकलाप गर्नका लागि समेत प्रस्तुत शोधपत्रले थप सहयोग प्रदान गर्ने छ ।

च) भोलिका दिनहरुमा यस शोधपत्रसँग सम्बन्धित रहेर अध्ययन अनुसन्धान गर्न चाहने भावि अनुसन्धानकर्ताका लागि सन्दर्भ सामग्रीको रुपमा प्रयोगमा आउने छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य बालमैत्री शिक्षण व्यवस्थापन र यसको शैक्षिक प्रभावको बारेमा अनुसन्धान गरी सत्यतत्थ्य कुरा पत्ता लगाइ शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि सहयोग गर्नु रहेको छ । यसका विशिष्ट उद्देश्यहरु निम्न प्रकारका रहेका छन् :

क) बालमैत्री शिक्षण व्यवस्थापनको वर्तमान अवस्था पत्ता लगाउनु ।

ख) बालमैत्री शिक्षण व्यवस्थापनबाट शैक्षिक क्षेत्रमा पर्ने प्रभावको लेखाजोखा गर्नु ।

ग) बालमैत्री शिक्षण व्यवस्थापनमा देखिएका समस्याहरु पहिचान गर्नु ।

घ) बालमैत्री शिक्षणमा रहेका समस्याका समाधानका उपायहरु खोजी गर्नु ।

## १.५ अनुसन्धनात्मक प्रश्नहरु

यस अध्ययन अनुसन्धानका लागि अनुसन्धनात्मक प्रश्नहरु निम्नलिखित रहेका छन् :

क) बालमैत्री शिक्षण व्यवस्थापनको वर्तमान अवस्था कस्तो छ ?

ख) बालमैत्री शिक्षण व्यवस्थापनबाट शैक्षिक क्षेत्रमा के कस्तो प्रभाव परेको छ ?

ग) बालमैत्री शिक्षण व्यवस्थापनमा देखिएका समस्याहरु के के हुन सक्छन् ?

घ) बालमैत्री शिक्षणमा रहेका समस्याका समाधानका उपायहरु के के हुन सक्छन् ?

## १.६ अध्ययनका परिसिमाहरु

बालमैत्री शिक्षण व्यवस्थापन र यसको शैक्षिक प्रभाव नामक शीर्षकमा गर्न लागिएको प्रस्तुत शोधपत्रमा सीमित साधन, स्रोत र समयलाई ध्यानमा राखी  अध्ययन कार्यलाई उद्देश्य अनुसार पूर्ण रुप प्रदान गर्नका लागि निम्नानुसारका सीमा भित्र रहेर अध्ययन अनुसन्धान गरिएको छ :

क) यस अध्ययनको अनुसन्धानको जनसंख्याका रुपमा लंकू स्रोतकेन्द्र अन्तर्गत रहेका ३३ वटा सामुदायि विद्यालय मध्ये छनोटमा परेका ६ वटा विद्यालयहरु (श्री आदिकवि भानुभक्त उ.मा.वि,  श्री सीताराम संस्कृति मा.वि., नयाँकिरण मा.वि., बालकुमारी कन्या उ.मा.वि., बालकुमारी उ.मा.वि. र श्री चित्रशेन रा.प्रा.वि.का) का प्र.अ. १ का दरले ६ जना , विद्यालयका शिक्षक २।२ का दरले १२ जना, अभिभावक २।२ का दरले १२ जना, विद्यार्थी २।२ का दरले १२ जना, व्यवस्थापन समितिका सदस्य २।२ का दरले १२ जना, स्रोतव्यक्ति १ जना गरी जम्मा ५५जनालाई यस अध्ययन अनुसन्धानको जनसंख्ययाको छनोट गरिएको छ ।

ख) छनोटमा परेको विद्यालयमा शिक्षण व्यवस्थापनको अवस्था के कस्तो रहेको छ? विद्यालयमा शिक्षण व्यवस्थापनलाई बालमैत्री बनाइ शैक्षिक उपलब्धि वृद्धि गर्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक तथा व्यवस्थापन समितिले के कस्तो भूमिका खेल्नु पर्दछ भन्ने बारेमा छुट्टाछुट्टै अन्तरवार्ता प्रश्नावली भराई प्राप्त तथ्यांकको व्याख्या एवम् विश्लेषण गरिएको छ ।

ग) अध्ययन अनुसन्धानसँग सम्बन्धित हुने अनुसन्धनात्मक प्रतिवेदन, लेखरचना, पुस्तक, पत्रपत्रिका, इमेल इन्टरनेटबाट प्राप्त हुने तथ्यलाई पुनरावलोकनको रुपमा प्रयोग गरी अध्यन एवम् अनुसन्धाान गरिएको छ ।

# परिच्छेदः दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

अध्ययन अनुसन्धानलाई उद्देश्यमा पुऱ्याउनका लागि  वा पूर्णता प्रदान गर्नका लागि अनुसन्धान कर्ताले सो अनुसन्धानसँग सम्बन्धित आजभन्दा अगाडिका लेखरचना, समचार, पत्रपत्रिका तथा वुद्धिजिवीहरुका भनाइलाई साहित्यको पुनरावलाकनको रुपमा उल्लेख गर्नुका साथै आवश्यक सैद्धान्तिक खाकालाई समेत आधर मानेर अध्ययन अनुसन्धान गरिएको छ :

## २.१ संबन्धित साहित्यको पुनरावलोकन

बालमैत्री शिक्षण व्यवस्थापन र यसको शैक्षिक प्रभाव शीर्षकको लागि मैले विभिन्न शोधकर्ताको शोधपत्र, विभिन्न विद्वानहरुको महत्वपूर्ण विचारहरु, लेखरचना तथा दृष्टिकोण समेटिएका प्रकाशित पत्रपत्रिका, प्रतिवेदन एवम् विभिन्न पुस्तकहरुले अनुसन्धानमा सहयोग पुऱ्याउने हुँदा तिनीहरुलाई नै पुनारावलोकन गरी निम्नानुसार प्रस्तुत गरिएको छ :

शिक्षाले कुनै पनि व्यक्तिमा अन्तर्निहित प्रतिभालाई प्रस्फुटन गराई समयानुकुल आफूलाई समायोजन गर्न मद्दत गर्दछ । सामान्य अर्थमा शिक्षा भन्नाले कुनै पनि व्यक्तिले ज्ञान, सीप र धारणा प्राप्त गर्ने प्रक्रिया हो । यस्तो ज्ञान, सीप र धारणाले व्यक्तिका व्यवहारहरु परिवर्तन गर्न सक्दछन्, शिक्षा आर्जन गरिसकेबपछि व्यक्तिको ज्ञान, सीप र धारणामा परिवर्तन हुँदैन भने त्यस्तो शिक्षा भनेको केवल प्रमाणपत्रमा मात्र सीमित हुन्छ, व्यवहारिक शिक्षा हुन सकेन भने प्रमाणपत्रमा उल्लेखित औपचारिक शिक्षा भनेको केवल औपचारिक स्थलको प्रदर्शनीका लागि मात्र प्रयोग हुने भएको हुँदा व्यवहारमूखि शिक्षा प्रदान गर्नु आवश्यक छ । जसका लागि विद्यार्थी केन्द्रित विधिको प्रयोग गर्नुका साथै बालबीलकामा

भएका समस्या, उनीहरुको रुचि तथा क्षमतालाई मध्यनजर गरेर अध्यापन गराउनु नै वर्तमानको आवश्यकता छ, (भट्टराई, २०६८) ।

गुणस्तरीय शिक्षा प्रवर्द्धनका लागि बालबाीलकाको रुचि, क्षमता र आवश्यकता अनुसार शिक्षा आर्जन गर्ने बालमैत्री वातावरण सृजना गर्नु बाहेक अन्य कुनै विकल्प नै छैन । विद्यार्थीको सिकाइ उपलब्धिलाई उच्च बनाउनका लागि विद्यालयमा अध्ययनरत विद्यार्थीको धार्मिक, आर्थिक, सामाजिक पृष्ठभूमिको समेत अध्ययन गरी सोही अनुसार पृष्ठपोषण गर्नु एक कुशल शिक्षक तथा विद्यालय प्रशासनको जिम्मेवारी अन्तर्गत पर्दछ । विद्यालयमा बालमैत्री वातावरण निर्माण गरी शैक्षिक उपलब्धि वृद्धिकका लागि भौतिकक पूर्वाधार, शिक्षण विषय र विधि तथा मूल्यांकन, स्वास्थ्य र अनुशासित वातावरणको निर्माण गर्नु अत्यावश्यक रहेको पाइन्छ । उचित तवरबाट उचित पृष्ठभूमिका निर्माण गरी शिक्षा आर्जन गर्न सकेका खण्डमा नै भोलिका दिनमा उपलब्धि मूलक शिक्षा हासिल गर्नका लागि बालबालिका सक्षम रहनुका साथै उपयुक्त वातावरणमा दिइएको शिक्षा नै व्यवहारमूखी हुने कुरा लेखमा उजागर गरिएको छ । (कार्की, २०६८) ।

हाम्रो देशमा सरकारी शिक्षाको स्तरमा आकर्षण घट्दो रहेको छ त्यसको ठीक उल्टो निजी विद्यालयमा बढ्दो आकर्षण रहेको छ । राम्रो स्तर ल्याउनु केही सरकारी विद्यालयको मुख्य विशेषता पनि अंग्रेजी विषय नै बनि रहेको छ । तर त्यसमा पनि थुप्रै चुनौती त्ययत्तिकै मात्रामा रहेका छन् । यसरी सरकारी विद्यालयमा शैक्षिक उपलब्धि वृद्धि गर्नका लागि मुख्य उपाय भनेको बालाबालिकाको भावना अनुसार अध्यापन गराउनुका साथै वर्तमान आवश्यकता अनुसार शिक्षण गराउनु अत्यावश्यक हुन आउँछ । भोलिका दिनहरुमा अभिभावकले चाहे अनुसार र वर्तमान परिवेश अनुसार शिक्षण गर्नुका साथै विद्यालय वातावरण भित्र पनि बालबलिकाका इच्छा, आवश्यकता, चाहना र भावनालाई कदर हुन सकेका खण्डमा सरकारी विद्यालयको शिक्षालाई सुधार गर्न सकिन्छ, (भन्डारी, २०७१) ।

लैंगिक सामाजिक, शारीरिक एवम् जातियताबाट माथिउठेर सबैलाई विद्यालयको सिकाइ परिवेशमा समावेश गर्ने कार्य गर्ने विद्यालय नै बालमैत्री विद्यालय हो । तसर्थ बालमैत्री विद्यालयमा बालबालिकाको इच्छा र आवश्यकतालाई ध्यान दिएर सबै बालबालिकालाई समावेशी शिक्षाको अवधारणालाई आत्मसाथ गर्दै एकै ठाउँमा शिक्षण गर्ने गरिन्छ । विद्यालयमा पढाइ, लेखाइका अतिरिक्त विद्यालयको भौतिक वातावरण, सरसफाइ, स्वास्थ्य, सुरक्षा र बालबालिकासँगको न्यापूर्ण व्यवहार, लैंगिक सचेतनाप्रति उत्तरदायी विद्यालयको नीति निर्माण एवम् योजना तर्जुमामा विद्यार्थीका अभिभावक र समुदायको संलग्नता, विद्यार्थी सहभागिता, बालकेन्द्रित शिक्षण विधि, जीवनोपयोगी सीपमा आधारित शिक्षा, अतिरिक्त क्रियाकलापमा जोड, हिंसा, यौन दुराचार, कूलत तथा दुर्व्यवहारको पूर्ण नियन्त्रण गरी गुणस्तरीय शिक्षा दिने कुरामा जोड दिइन्छ, (थापा, २०६९) ।

शिक्षकको स्तरले विद्यार्थीको स्तरलाई अचम्म लाग्दो गरी बढाउन वा घटाउन सक्दछ । १०० पूर्णांकमा ५० प्रतिशत अंक प्राप्त गरेको विद्यार्थीले एक वर्षसम्म राम्रो शिक्षकसँग बालमैत्री व्यवस्थापन भएको विद्यालयमा पढ्न पायो भने उसको प्राप्तांक ५८ प्रतिशतमा उक्लिन्छ, खराव वा कमजोर शिक्षकसँग १ वर्ष बिताउँदा उसको अंक ४२ प्रतिशतमा झर्छ । त्यसैले कुनै पनि विद्यार्थीको पढाइको स्तरमा शिक्षकको गुणस्तरले ठूलो असर पार्दछ । विद्यार्थीको सफल भविश्यका लागि शिक्षकले अध्यापन गराउँदा विद्यार्थीमय वातावरणको सृजना गर्नु वर्तमान परिवेशको आवश्यकता रहेको कुरालाई विश्लेषण गर्दै विदेशी शिक्षालयमा शिक्षकहरुले गर्ने क्रियाकलाप र उनीहरुले निर्वाह गर्ने भूमिका तथा नेपाली शिक्षकहरुको बारेमा समेत तुलनात्मक उल्लेख गर्ने काम लेखमा प्रस्तुत गरिएको छ, (मैनाली, २०६८) ।

विद्यालयमा बालबलिकाले आफ्नो अधिकार उपभोग गर्ने, आफ्नो विचार र भावनालाई स्वतन्त्रता पूर्वक व्यक्त गर्ने आफ्नो जीवनको बारेमा आफैले निर्णय गर्ने थलो हो । विद्यालयको सिकाइ प्रक्रियामा अधिकार र रमाइलो हुनु पर्दछ, धेरैजसोले सिकाइ प्रक्रियामा रमाइलो वातावरण भन्दा पनि केबल अनुशासित मात्र बन्नुपर्दछ भन्ने ठान्दछन् तर त्यो सोचाइ ठीक

होइन र बालबालिकाले रमाइलो बावतावरणमा बढी सिक्छन् भन्ने कुरा सिकाइ सम्बन्धी गरिएका धेरै अनुसन्धानबाट प्रष्ट भइसकेको छ, (अधिकारी, २०७१) ।

शिक्षकले चाहेमा गर्न सक्छन् गरेकै छन् भन्ने शीर्षकमा उल्लेख गरिए अनुसार राम्रा र लगनशील शिक्षकबाट विद्यालय वातावरण बालमैत्री बन्नुका साथै शैक्षिक उपलब्धि समेत वृद्धि हुने गरेको र बहानाबाजी शिक्षकहरुले बाहना मात्रै बनाउने गरेको कुरलाई उल्लेख गरिएको छ । विद्यालयमा बालबालिकाहरुलाई अध्यापन गराउनका लागि दक्ष एवम् सक्षम शिक्षकबाट नै उपयुक्त वातावरणको निर्माण भई शैक्षिक प्रक्रिया प्रभावकारी बन्ने कुरालाई लेखमा विश्लेषण गरिएको छ ,(कोइराला, २०७१० ।

बालबालिका जब सिक्नका लागि रुचि देखाउँछन् त्यस समयलाई एकछिन पनि खेरजना नदिइकन उनीहरुको रुचि अनुसारको क्रियाकलापहरु गराउनु पर्ने कुरालाई विश्लेषण गर्दै बालबलिकाको सिकाइ क्रियाकलाप अभ्यासमा आधारित हुने हुँदा अभ्यास गर्ने स्थल सिकारुमुखी हुनु पर्दछ भन्ने कुरालाई विश्लेषण गरिएको छ, (हर्लक, १९९२) ।

विद्यालयलाई एक बगैंचाका रुपमा उभ्याएर बालबालिका त्यसका रंगीचंगी फूल र शिक्षक त्यसका माली हुन् भन्ने कुरालाई उजागर गर्दै कुनै पनि बगैंचामा जतिराम्रा फूलका बोटहरु भए पनि मालिको गोडमेल उपयुक्त ढंगबाट हुन सकेन भने देखि फूलको वृद्धि विकास पनि उचित किसिमले हुन नसक्नु साथै फूलेर बास्ना प्रदान गर्न नसके जस्तै विद्यालयमा बालबालिकाहरुलाई शिक्षाप्रदान गर्नका लागि उपस्थित एउटा शिक्षकले उपयुक्त वातावरण निर्माण गरेर अध्यापन कार्य सञ्चालन गर्न नसकेका खण्डमा शैक्षिक उपलब्धि आशातित हुन नसक्ने हुँदा बालबालिकाको व्यवहारलाई कदर हुने खालका क्रियाकलापहरु गर्दै उपयुक्त वातवारणको निर्माण गरी अध्यापन गराउनु नै शैक्षिक उपलब्धिको प्रमुख मार्ग रहेको तथ्य लेखमा उल्लेख गरिएको छ, (फ्रोबेल, १८३७)।

बाबालिकालाई के कस्तो वातावरण दिनुपर्दछ भन्ने कुराको निर्णय गर्दा विद्यालयमा बालमैत्री वातावरण आवश्यक पर्ने कुरा उल्लेख गरिएको छ । यस अनुसार बालबालिकाको चाहनालाई सर्वोपरी स्थान दिँदै बालमैत्री विद्यालयले बालबालिकाको क्षमता र सामर्थ्यमा विश्वास गर्छ र त्यसलाई बाहिर ल्याउन नेतृत्वदायी भूमिका खेल्दछ । बालबालिकालाई विद्यालय अनुभन्दा अगाडि र विद्यालय छोडिसकेको अवस्थामा समेत चासो दिएर बालमैत्री वातावरणमा सिकाइको अवसर प्रदान गर्दछ । यसले गर्दा बालबालिकाको सृजनात्मक क्षमता बढ्छ साथै बालबालिकालाई उनीहरुको सक्रियता तथा सृजनात्मकतामा ध्यान दिई दण्डरहित वातावरणमा सिकाइ कार्य सञ्चालन गर्न जोड दिएको पाइन्छ, (शिक्षा विभाग, २०६५) ।

## २.२ सैद्धान्तिक खाका

बालमैत्री शिक्षण व्यवस्थापन र यसको शैक्षिक प्रभाव नामको शीर्षक चयन गरी अध्ययन गर्न लागिएको यस शोधप्रस्तावनालाई गुणात्मक प्रवृत्तिको बनाउने उद्देश्यले शोधप्रस्तावनासँग सम्बन्धित विभिन्न विद्वानहरुमध्ये फ्रोबेलको सिद्धान्त र डा. मारिया मन्टेशरीको सिद्धान्तलाई आधार बनाएको छ ।

फ्रोबेलको जन्म सन् १७८३ मा दक्षिण जर्मनमा भएको थियो । नौ महिनाको उमेरमा मातृविहीन हुन पुगेका उनलाई सौतेनी आमाको पालन पोषणमा दुःखमय जीवन व्यतित भएको पाइन्छ । पारिवारिक माया ममताको अभावमा हुर्केका उनी एकान्तप्रेमी, चिन्तशील र भावुक प्रकृतिका थिए । उनलाई ११ वर्षको उमेरमा विद्यालयमा भर्ना गरिएको थियो । उनी ज्यादै तल्ला स्तरका विद्यार्थी थिए र पछि शिक्षक समेत भएका थिए । फ्रोबेल बालकको प्रारम्भिक शिक्षादेखि नै ज्यादै असन्तुष्ट थिए । उनको विचारमा शिक्षा र बालकको बिच एकता हुनु पर्दछ । उनले प्रतिपादित गरेको प्रसिद्ध शिक्षण पद्धतिलाई बालबगैंचा भनिन्छ । उनले एक विद्यालय पनि खोलेका थिए जसलाई किनर

गार्टेन भनिन्थ्यो । जसलाई बाल उद्यान वा बाल बगैंचा भन्ने गरिन्थ्यो र उनले मुख्य रुपमा बालकको रुची र स्वतन्त्रलाई ध्यान दिएका थिए ।

डा. मारिया मन्टेशरीको जन्म सन् १८७० मा इटालिमा भएको थियो । रोम विश्ववद्यालयबाट एम.डि.ए उपाधि प्राप्त गरेकी मन्टेशरीको सिद्धान्तमा निम्नानुसारको अवधारणा पाइन्छ :

१. आन्तरिक विकास : हरेक बालकमा अन्तरनिहित प्रतिभा हुन्छ, जुन जन्मजात हुन्छ, यसप्रकारको शक्तिलाई शिक्षाले उजागर गर्नु पर्दछ ।
२. स्वतन्त्रता : हरेक बालकलाई आफ्ना भावनाहरु, संवेगहरु,विचारहरु, रुचिहरु व्यक्त गर्न पूर्ण स्वतन्त्रता दिनु पर्छ, स्वतन्त्रताको अभावमा बालकको स्वभाविक शक्ति अवरुद्ध र कुण्ठित हुन्छ । व्यक्तिमा आत्म निर्भरता, आत्मविश्वास, स्वालम्बन आदि गुणको अभाव हुन्छ ।
३. शिक्षणको आधार खेल : डा. मारया मन्टेशरीले खेलद्वारा शिक्षा दिने कुरामा जोड दिएकी छन् । खेलमा बालक स्वतन्त्र हुन्छ, उसमा अन्तरनिहित आन्तरिक शक्तिहरुको विकास सम्भव हुन्छ ।
४. स्व अनुभव शिक्षण : स्व अनुभवबाट सिकेको ज्ञानबाट बालकको भावि जीवनका लागि सहयोग हुन जान्छ । बालबालिकालाई शारीरिक दण्ड दिनुहुँदै, मायाप्रेमद्वारा बालकमा विजय प्राप्त गर्नु पर्दछ, बालकको पूर्ण व्यक्तित्व बनाउने शिक्षा दिनु पर्दछ ।

यसरी बालमैत्री शिक्षण व्यवस्थापन र यसको शैक्षिक प्रभाव नामक शर्षकमा गर्न लागिएको प्रस्तुत शोधपत्र फ्रोबेल र मन्टेशरीको सिद्धान्तसँग मिल्दो जुल्दो भएकै कारण माथि उल्लेखित सिद्धान्तकै आधारमा उद्देश्य अनुसार पूर्णता प्रदान गरिएकोछ ।

## २.३ पुनरावलोकनको शैक्षिक उपादेयता

यस अध्ययन अनुसन्धानलाई उद्देश्यअनुसार पूर्णता प्रदान गर्नका लागि सम्बन्धित साहित्यको पुनारावलोकनले यस विषयसँग सम्बन्धित रहेर छनोटमा परेका अध्ययन स्थलहरुमा बालमैत्री शिक्षण व्यवस्थापनले शिक्षाको पारेको प्रभाव अध्ययन अनुसधान गरी तथ्यंक संकलन गर्नमा विशेष सहयोग पुग्ने छ । त्यसैगरी आजभन्दा अगाडि गरिएका अध्ययन अनुसन्धानलाई आधार बनाएर सम्बन्धित साहित्यको पुनरावलोकनबाट विद्यालयमा बालमैत्री शिक्षण व्यवस्थापनमा देखिएका कमीकमजोरी, पत्ता लगाइ उचित व्यवस्थापन गर्नका लागि रहेका जिम्मेवार पक्ष र तिनिहरुको काम, कर्तव्य र अधिकार जस्ता कुराहरुको तथ्य खोज पहिचान गरी प्राप्त तथ्यांकहरुलाई उद्देश्य अनुरुप व्याख्या एवम् विश्लेषण गर्न विशेष सहयोग प्राप्त भएको छ ।

त्यसैगरी फ्रेबेल तथा मारिया मन्टेशरीको सिद्धान्तलाई अधार बनाएर अध्ययन अनुसन्धान गर्दा यस अध्ययन अनुसन्धानसँग तुलनात्मक अनुसन्धान गरि यथार्थ तथ्य पत्ता लगाउन थप सहयोग प्राप्त हुने छ । साहित्यको पुनरावलोकनबाट आजभन्दा अगाडि गरिएका अध्ययन अनुसन्धानहरुको कमजोर पक्षको पहिचान गरी अनुसन्धानको विषय अनुसार सैद्धान्तिक खाका छनोट गर्नुका साथै नयाँ विषयवस्तुको खोजि गर्न शोधकर्तालाई मार्गदर्शन मिलोको छ ।

# परिच्छेद : तीन

# अध्ययन विधि र प्रक्रिया

कुनै पनि अध्ययनकार्यलाई सुव्यवस्थित, प्रभावकारी र सहजरुपमा सुसम्पन्न गर्नका लागि निश्चित तरिका वा प्रक्रिया अपनाइन्छ, यसैलाई अध्ययन विधि भनिन्छ । अनुसन्धान नयाँ ज्ञान प्राप्त गर्ने व्यवस्थित कार्य हो । उद्देश्य प्राप्त गर्ने र समस्याको समाधान गर्ने उद्देश्यबाट गरिएको ज्ञानको खोजी नै अनुसन्धान हो भन्न सकिन्छ । अध्ययनकार्यलाई व्यवस्थित र सरल रुपमा सम्पन्न गर्नको लागि अध्ययन विधिहरु पूर्व निर्धारित गर्नु पर्दछ । तसर्थ कुनैपनि अनुसन्धान कार्यलाई सम्पन्न गर्नका लागि विषयवस्तुको प्रकृति अनुसार उद्देश्य प्राप्त हुनेगरी विभिन्न तरिका अवलम्बन गर्नुपर्ने हुन्छ । यसैलाई नै अध्ययनको विधि भनिन्छ । यस अध्ययनमा अनुसरण गरिएको अध्ययन विधि निम्नानुसार हुनेछन् :

## ३.१ अनुसन्धान ढाँचा

अनुसन्धानका लागि निश्चित योजना तथा रणनीति आवश्यकता पर्दछ । अनुसन्धान कार्यका लागि तयार पारिने वृहत योजना तथा रणनीतिलाई नै अनुसन्धान ढाँचा भनिन्छ । जसले अनुसन्धानलाई लक्ष्यमा पुऱ्याउन सहयोग गर्दछ । कुनै प्रस्तावित अनुसन्धान कार्यमा अपनाउनु पर्ने सम्पूर्ण कार्यविधिको पूर्व तयारी स्वरुप तयार पारिएको वृहत योजनालाई अनुसन्धान ढाँचा भनिन्छ । यस अनुसन्धानलाई उद्देश्य अनुसार पूर्णरुप प्रदान गर्नका लागि गुणात्मक ढाँचामा केन्द्रित रही सोही अनुसार तथ्यांक संकलन गरिएको छ ।

## ३.२ जनसंख्या र नमुना छनौट

अनुसन्धानलाई उद्देश्य अनुसार टुङ्गोमा पुऱ्याउनको लागि आवश्यक जनसंख्याको अपरिहार्यता रहेको हुन्छ । अध्ययन अनुसन्धानका विविध सीमितताले गर्दा प्रस्तावित

क्षेत्रको प्रतिनिधित्व हुने गरी  अध्ययनको जनसंख्या र नमुना छनोट गरिएको छ । यस अध्ययनको अनुसन्धानको क्रममा उद्देश्यपूर्ण नमुना छनोट विधिका आधारमा लंकू स्रोतकेन्द्र अन्तर्गत रहेका ३३ वटा सामुदायि विद्यालय मध्ये छनोटमा परेका ६ वटा विद्यालयहरु (श्री आदिकवि भानुभक्त उ.मा.वि, श्री सीताराम संस्कृति मा.वि., नयाँकिरण मा.वि., बालकुमारी कन्या उ.मा.वि., बालकुमारी उ.मा.वि. र श्री चित्रशेन रा.प्रा.वि.का) का प्र.अ. १ का दरले ६ जना , विद्यालयका शिक्षक २।२ का दरले १२ जना, अभिभावक २।२ का दरले १२ जना, विद्यार्थी २।२ का दरले १२ जना, व्यवस्थापन समितिका सदस्य २।२ का दरले १२ जना, स्रोतव्यक्ति १ जना गरी जम्मा ५५जनालाई यस अध्ययन अनुसन्धानको जनसंख्ययाको छनोट गरिएको छ ।

**३.३ अध्ययनका साधन**

अध्ययन तथा अनुसन्धानका क्रममा उद्देश्यलाई वस्तुनिष्ट तथा व्यवहारिक बनाउनका लाग निम्नानुसारका साधनहरु प्रयोगमा ल्याइएको छ :

ख) अर्न्तवार्ता प्रश्नावली : यस अध्ययनको अनुसन्धानको जनसंख्याका रुपमा लंकू स्रोतकेन्द्र अन्तर्गत रहेका ३३ वटा विद्यालय मध्ये छनोटमा परेका ६ वटा विद्यालयहरुमा अनुसन्धानकर्ता प्रत्यक्ष भेट भई शिक्षक, विद्यार्थीी, अभिभभावक, स्रोतव्यक्तिलाई छुट्टा छुट्टै  अन्तरवार्ता प्रश्नावलीको प्रयोग गरेर तथ्यांक संकलन गरिएको छ ।

ख) छलफल तथा अन्तरक्रिया : छनोटमा परेको अध्ययन स्थलमा अनुसन्धानकर्ताको प्रत्यक्ष उपस्थितिमा आवश्यकता अनुसार छलफल तथा अन्तरक्रिया गरी तथ्यांक संकलन गरिएको छ ।

**३.४ तथ्याङ्कका स्रोतहरु :**

अध्ययनका क्रमममा निम्नानुसारका स्रोतहरु प्रयोगमा ल्याइने छ :

**प्राथमिक तथ्याङ्क**

खुला अन्तर्वार्ता प्रश्नावली मार्फत शिक्षक, विद्यार्थी, वि.व्य.स. समितिका पदाधिकारी, अभिभावक तथा प्र.अ.सँग लिएको तथ्याङ्क साथै विद्यालयको भौतिक स्रोत साधनको प्रत्यक्ष अवलोकनबाट तथ्यांक संकलन गरिएको छ ।

**द्वितीय तथ्याङ्क**

तथ्यांक संकलनको द्वितीय स्रोत अतगर्त छनोटमा परेको विद्यालयमा विद्यालय सुधार योजना र विद्यालयको अभिलेख, दस्तावेजबाट लिइएका तथ्याङ्कहरु लाई आधार मानिने छ ।

**३.५ तथ्याङ्क संकलन विधि**

अध्ययनका क्रममा छनोटमा परेको विद्यालयमा अनुसन्धानकर्ता प्रत्यक्ष उपस्थित भएर अध्ययन स्थलका प्र.अ.,शिक्षक, अभिभावकस्रोतव्यक्ति, विद्यार्थीसँग अनुसूचीमा उल्लेखित प्रश्नावलीको आधारमा तथ्यांक संकलन गरिएको छ । त्यस्तै गरी द्वितीय तथ्यांक संकलनका लागि विभिन्न लेख रचनाहरु, पत्रपत्रिका, बुलेटिन, शोधपत्र र सम्बन्धित द्यिालयका अभिलेखहरुलाई संकलन गरिएको छ ।

**३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण**

खोज एवम् अध्ययन अनुसन्धानका विभिन्न स्रोतबाट प्राप्त तथ्याङ्कहरूलाई सही ढंगबाट व्याख्या एवम् विश्लेषण गरेर अनुसन्धान कार्यलाई उद्देश्य अनुरुप पूर्णता प्रदान गर्नका लागि । अनुसन्धानको ढाँचा अनुसार गुणात्मक तवरबाट व्याख्या एवम् विश्लेषण गरिएको छ । तथ्यांकको व्याख्या एवम् विश्लेषण गर्दा कुन उद्देश्य प्राप्तिका लागि अध्ययन गरिएको छ, अध्ययनको प्राप्ति कस्तो रह्यो, प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त नतिजाबाट सहीरूपमा आउन सके वा सकेनन् भन्ने कुराको विशेष अध्ययन गरिएको छ । प्राप्त तथ्यहरुको स्पष्टसँग विश्लेषण र व्याख्या गर्न सजिलो बनाउनका तथ्याङ्कको व्याख्या विश्लेषण र प्रस्तुतीकरण गरिएको छ ।

# परिच्छेद : चार

## तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण

‘बालमैत्री शिक्षण व्यवस्थापन र यसको शैक्षिक प्रभाव विषयको यस शोध पत्रमा चितवन जिल्ला अन्तर्गत भ.उ.म.न.पा.को लंकु श्रोतकेन्द्र भित्र पर्ने ६ वटा सामुदायिक विद्यालयका प्र.अ. शिक्षकहरू, अभिभावकहरू, विद्यार्थीहरू एवं वि.व्य.स.सदस्य एवं स्रोतव्यक्तिसँगको भेटघाट, छलफल, अन्तर्वार्ता प्रश्नावलीको माध्यमबाट प्राप्त भएका सूचना तथा तथ्याङ्कहरूलाई तोकिएको उद्देश्य बमोजिम निम्नानुसार शिर्षकमा रहेर व्याख्या एवं विश्लेषण गरिएको छ ।

वि.सं.२००६ सालमा मन्टेश्वरी स्कूलको शुरुवातसगैं नेपालमा पनि शिक्षाको विकासलाई केहि महत्व दिन थालियो । यसै क्रममा सवैको लागि शिक्षा राष्ट्रिय कार्य योजना (२००१-२०१५) मा आइपुग्दा बाल विकास कार्यक्रम तथा बालमैत्री शिक्षणले पनि प्राथमिकता पाएको देखिन्छ । हाल आएर विद्यालय क्षेत्र सुधार कार्यक्रमले पनि बाल विकास तथा बालमैत्री शिक्षण व्यवस्थापनालाई उच्च प्राथमिकतामा राखेको पाइन्छ । हाल समुदायमा आधारित विद्यालय तथा निजी विद्यालयहरूले पनि बालविकास तथा बालमैत्री शिक्षण व्यवस्थापनमा जोड दिएको पान्इछ । यस्ता विद्यालयहरूमा बालबालिकाहरूले आफ्नो गति र क्षमता अनुसार रमाइलोसँग सिक्ने अवसर प्राप्त गर्न सक्छन् । यस्ता विद्यालयहरूलाई नै बालमैत्री विद्यालय भन्न सकिन्छ । बालमैत्री विद्यालयहरूमा बालबालिका रमाई-रमाई आफ्नो कार्यमा अगाडि बढ्छन् । उनीहरूको रूची क्षमता र स्तरलाई ध्यानमा राखी सोहि अनुरुप सिकाई वातावरण तथा पाठ्यक्रमको विकास गरिन्छ । यस बाहेक बालबालिकाहरूलाई सामाजिक, आर्थिक एवं शारीरिक दुर्वलता आदि कुनै पनि आधारमा भेदभाव नगरी समान शैक्षिक व्यवहार गरिनुका साथै अतिरिक्त क्रियाकलाप,बालसुरक्षा तथा शारीरिक, भौतिक एवं मानसिक दण्ड सजायबाट सुरक्षित हुने बालमैत्री वातावरण निर्माण गर्ने समग्र कुराको अध्ययन यस अन्तर्गत पर्ने भए तापनि प्रस्तुत अध्ययनमा मूख्य तथा शिक्षण सिकाइ क्रियाकलापमा बालमैत्रीपना तथा भौतिक व्यवस्थापनको बालमैत्रीपना गरी दुई पक्षहरूमा यो अध्ययन केन्द्रित छ ।

## ४.१ बालमैत्री शिक्षण व्यवस्थापनको वर्तमान अवस्था

यस अध्ययन क्षेत्रमा रहेका विद्यालयको भौतिक अवस्थाको बालमैत्रीपना र शिक्षण सिकाई क्रियाकलापको बालमैत्रीपना गरी दुई भागमा विभाजन गरी विभिन्न तथ्याङ्का स्रोतहरू उपयोग गरी वास्तविकताको अध्ययन गरिएको छ ।

### ४.१.१ भौतिक व्यवस्थाको बालमैत्रीपना

यस अनुसन्धानको क्षेत्रभित्र परेका ६ वटा विद्यालयहरूको भौतिक अवस्थाको विद्यमान बालमैत्री अवस्थाको अध्ययनका लागि निम्न उप-शिर्षकमा विभाजन गरी अध्ययन गरिएको छ ।

**क) कक्षाकोठा**

यस अध्ययन क्षेत्रका ६ वटै विद्यालयहरूमा विद्यार्थीको लागि आवश्यक कक्षा कोठाको व्यवस्था भएको पाइयो । केहि विद्यालयका कक्षाकोठाहरू विद्यार्थी अनुसार ठीकै भएको पाइयो भने कतिपय विद्यालयमा कक्षा कोठामा अतिनै प्रकाश कम भएको एवं हल्लाको वातावरण रहेको पनि पाइयो । समग्रमा भन्नु पर्दा अध्ययनको क्षेत्र भित्र रहेका विद्यालयहरूमा विद्यार्थीहरूका लागि कक्षा अनुसारका कक्षाकोठाहरूको व्यवस्था भएको पाइयो तर कतिपय विद्यालयमा कक्षा कोठाको आकार उपयुक्त नभएको पाइयो । विशेष पुराना भवनहरूमा कक्षाकोठाको आकार सानो भएको महशुस भयो ।

**ख) डेस्क, बेन्च, कार्पेटको व्यवस्था :**

अध्ययन भित्र परेका विद्यालयहरूमा विद्यार्थीहरूका लागि डेस्क, बेन्च, कार्पेट एवं कुसनको व्यवस्था भएको पाइयो । विद्यार्थीको उमेर र उचाई अनुसार डेस्क, बेन्चको आकार मिलाउने प्रयास भएको पाइयो तर पनि सबै ठाउँमा राम्ररी मिलेको भने पाइएन । बालमैत्री कक्षा व्यवस्थापनको मूल मर्मलाई राम्ररी आत्मासात गरेको भने पाइएन । खासगरी बाल विकासमा अध्ययन गर्ने बालबालिकालाई बसाई व्यवस्था अप्ठेरो रहेको पाइयो । केहि विद्यालयमा कार्पेट र कुसनको व्यवस्था पनि रहेको अवलोकनको सिलसिलामा देखा पऱ्यो ।

**ग) झ्याल ढोकाको अवस्था :-**

बालमैत्री कक्षा कोठा त्यस्तो कक्षा कोठा हो जसमा पर्याप्त मात्रामा हावा खेल्ने उपयुक्त साइजका झ्याल ढोका भएको तथा कक्षा कोठामा पर्याप्त उज्यालोको व्यवस्था भएको हुनु पर्दछ । यस अध्ययनको क्षेत्र भित्र रहेका विद्यालयहरूले झ्याल ढोकाको राम्रै व्यवस्था गरेको पाइयो भने केहि विद्यालयमा झ्याल ढोका मर्मत गर्नुपर्ने समेत देखियो ।

**घ) बुक कर्नर तथा सिकाइ क्षेत्रको व्यवस्था :-**

बालमैत्री विद्यालयहरूमा सन्दर्भ समग्री सहितको बुक कर्नर एवं विभिन्न विषयको सिकाइ क्षेत्र जस्तै गणित, नेपाली इत्यादिको उचित व्यवस्था हुन जरुरी छ । यस अध्ययन क्षेत्र भित्र रहेका विद्यालयहरूमा टिनको बाकसमा सबै एकै ठाँउमा स्टोर गरेको पाइयो । यस अनुसार बुक कर्नर तथा सिकाइ क्षेत्रको व्यवस्था राम्रो एवं बालमैत्री भएको पाइएन ।

**ङ) टिफिन व्यवस्थापन :-**


सफा, ताजा एवं पौष्टिक युक्त खाजा विद्यार्थीहरूको लागि अति आवश्यक छ । अहिले बजारमा पाइने जङ्क फुडले नै मूख्य बाहुल्यता पाएको देखियो । केहि केहि विद्यार्थीहरूले घरबाट नै खाजा लिएर आएको पाइयो भने कति विद्यार्थीले विद्यालयको क्यान्टिनमा खाजा खाने गरेको पाइयो । यसरी विचार गर्दा यस अध्ययन क्षेत्र भित्र परेका विद्यालयमा टिफिन व्यवस्थापन आफ्नै-आफ्नै प्रकारको पाइयो तर बालमैत्री व्यवस्था अनुसारको टिफिन व्यवस्थापन गर्न सकेको भने पाइएन ।

**च) शैक्षिक सामग्री राख्ने बालमैत्री व्यवस्था :-**

बाल बालिकाको सिकाइ प्रक्रियामा शैक्षिक सामग्रीको अत्यन्त ठूलो महत्व रहन्छ । सैद्धान्तिक ज्ञान भन्दा व्यावहारिक ज्ञान नै जीवनमा काम लाग्ने हुन्छ । तसर्थ हरेक विद्यालयले शैक्षिक सामग्रीको व्यवस्थापन राम्ररी गर्नु पर्दछ । यस अध्ययन क्षेत्र भित्र रहेका विद्यालयहरूले शैक्षिक सामग्रीको केहि मात्रामा व्यवस्था गरेको पाइयो । सबै बालबालिकाको लागि शैक्षिक सामग्रीको प्रयोग गर्न सकेको देखिएन ।

### छ) सेतो पाटी/कालो पाटी :-

बालमैत्री विद्यालयहरूमा सेतो पाटी/कालो पाटीको अवस्थिति बालमैत्री हुनु अति आवश्यक छ । यो बालबालिकाले पुग्ने, लेख्न सक्ने अवस्थाको हुनु अति आवश्यक छ । यस आधारमा अवलोकन गर्दा ६ वटा मध्ये ३ वटा विद्यालयमा बालमैत्री अवस्थामा सेतो पाटी पाइयो भने बाँकी ३ वटामा बालमैत्री अवस्थामा सेतो पाटी पाइएन ।




### ज) खेल सामग्री :-

बालबालिकालाई खेलद्वारा सिकाइने तथा मनोरञ्जन दिनको लागि उमेर, तह अनुसार आवश्यक खेल सामग्रीको आवश्यकता पर्दछ । खास गरी खेल सामग्रीहरूमा पिङ्ग, घोडा, पुतली, डोरी, भकुण्डो, चाकाचुली पेपेड, भलिबल , फुटबल, बास्केटबल, व्याडमिन्टन, एवं क्रिकेट पर्दछन् । साथै यी सामग्रीहरूको बालबालिकाको उमेर रुचि तथा पहुँचमा भएमात्र त्यसलाई बालमैत्री मान्न सकिन्छ । यस अध्ययनमा पेरका विद्यालयहरूमा यी खेल सामग्रीहरूको अवस्था सामान्य मात्र पाइयो ।

### झ) खानेपानी सुविधा :-

यस अध्ययन क्षेत्रका ६ वटै विद्यालयहरूमा खानेपानीको सुविधा भएको पाइयो । खानेपानीका धाराहरू विद्यार्थीको उचाई अनुसार अलि नभएको पाइयो । खासगरी साना उमेरका

बालबालिकालाई धारा खोल्न र बन्द गर्न समस्या भएको देखियो । केहि विद्यालयमा भने होँचा र अग्ला धाराहरू मिलाएर बनाएको पनि पाइयो ।

**ञ) खेल मैदान :-**

यस अध्ययन क्षेत्र भित्रका विद्यालयहरूमा खेल मैदानको व्यवस्था सामान्यतया भएको पाइयो । तर साना र ठूला सबै विद्यार्थीहरू खेलमैदानमा एकैचोटी खेल्नु पर्दा साना विद्यार्थीहरूलाई मर्का परेको पाइयो । ठूलो विद्यार्थीहरूले साना भाइ बहिनीहरूलाई लडाउने, ठोक्किने गरेको देखियो । तसर्थ यसलाई बालमैत्री तरिकाले व्यवस्थितगर्न सकिएको अवस्था पाइएन ।

**ट) शौचालय :-**

बालमैत्री विद्यालयहरूमा शौचालयहरू पनि बालमैत्री तरिकाले निर्माण गरिएको हुनु पर्दछ । बालबालिकाको संख्या तथा उनीहरूको उचाईलाई पनि शौचालय निर्माणमा ध्यान पुऱ्याउनु पर्दछ । यस अध्ययन क्षेत्रका विद्यालयहरूमा शौचालयहरूको अवस्था ठीकै देखिए पनि सरसफाइमा अझ पूरा ध्यान पुग्न सकिरहेको देखिएन ।

**ठ) पुस्तकालय :**

बालबालिकालाई पाठ्यपुस्तकको ज्ञानले मात्रै पर्याप्त हुँदैन । उनिहरूलाई थप ज्ञानको लागि पुस्तकालयमा आवश्यक मात्रामा विभिन्न क्षेत्रसँग सम्बन्धित पुस्तकहरू फुर्सदको समयमा पढ्न पाउने अवसर प्राप्त हनु पर्दछ । यस अध्ययन क्षेत्रमा ६ वटा विद्यालय मध्ये ४ वटा विद्यालयमा सामान्य पुस्तकालय संचालनमा रहेको पाइयो भने दुई वटा विद्यालयमा त्यो अवस्था नरहेको पाइयो ।

**ड) स्वास्थ्य सुविधा :**

बालमैत्री विद्यालय हुनको लागि विद्यालयमा अध्ययनरत बालबालिकाको स्वास्थ्य स्थिति पनि राम्रो हुनु पर्दछ । अध्ययनको शिलशिलामा यक्ष अध्ययन क्षेत्र भित्रको विद्यालयहरूमा सामान्य रूपमा प्राथमिक उपचार बाकस एवं केहि सामान्य औषधि पनि भएको पाइयो । विद्यार्थीहरू

पढ्दा, खेल्दा वा विभिन्न कारणले बिरामी पर्दा सामान्य प्राथमिक उपचारको व्यवस्था मिलाएको पाइयो । कतिपय विद्यालयले त अभिभावक बोलाई जिम्मा लगाउने गरेको सुनियो ।

यसरी अध्ययन गरिएका विद्यालयहरूमा भौतिक अवस्थाको बालमैत्री पना अध्ययन गर्दा सामान्य रूपमा ध्यान दिएको पाइयो । स-साना उमेरका बालबालिकाले खेल र मनोरञ्जनबाट धेरै कुराहरू सिक्छन् भन्ने मन्टेश्वरीको सुद्धान्त भए तापनि त्यसको केहिमात्र ध्यान पुऱ्याउन सकेको पाइयो ।यस अध्ययनको क्षेत्रभित्र परेका विद्यालयको भौतिक व्यवस्थापनलाई अध्ययन गर्दा केहिमात्रामा बालमैत्री व्यवस्थापनलाई ध्यान दिएको पाइयो भने अन्य केहि कुरामा बालमैत्री व्यवस्थापन नभएको पाइयो ।

### ४.१.२ बालमैत्री शिक्षण सिकाइ प्रक्रिया :-

आजको हाम्रो आवश्यकता भनेको बाल-बालिकालाई विद्यालयमा पुऱ्याउन मात्र होइन, सबै विद्यालयहरूलाई बालबालिकाको इच्छा अनुसार उपर्युक्त शिक्षाको व्यवस्थापन गर्न सक्ने बनाउनु पनि हो त्यसैकारण बाल-अधिकार सम्बन्धि महासन्धिले पनि बाल-बालिकाको शिक्षा पाउन अधिकारलाई सुनिश्चित गरेको छ । सोही महासन्धिले सबै बालबालिकाको सर्वाङ्गिण विकासका लागि विना कुनै भेदभाव गुणस्तरीय शिक्षा पाउनु पर्ने आवश्यकता पनि स्वीकारेको छ । यसै अधिकारलाई सुनिश्चित गर्न नेपालको अन्तरिम संविधान तथा शिक्षा सम्बन्धी विविध दस्तावेजहरूले समेत मार्ग निर्देश गरेका छन् । यसै परिपेक्षमा यस शिर्षक अन्तर्गत अनुसन्धानका क्षेत्रभित्र परेका ६ वटा विद्यालयको शिक्षण सिकाई क्रियाकलापका केही पक्षहरूको बालमैत्री अवस्थालाई निम्नानुसार प्रस्तुतीकरण तथा विश्लेषण गरिएको छ ।

#### ४.१.२.१ बालकेन्द्रित शिक्षण विधि :-

यस अध्ययन क्षेत्र भित्रका विद्यालयहरूमा अवलोकनको सिलसिलामा व्याख्यान विधि भन्दा बाल-केन्द्रित शिक्षण विधि नै प्रयोग भएको पाइयो । परम्परागत रूपमा चल्दै आएको व्याख्यान विधिको परिमार्जित रूप स्वरूप विद्यार्थी केन्द्रित शिक्षण विधि प्रयोग गर्दा विद्यार्थीहरू पनि सक्रिय हुने र सिक्ने मात्रामा पनि राम्रो प्रगति हुने कुरा थाहा भयो । विद्यार्थीहरू आफै सक्रिय

भै सिक्दा रमाइलो वातावरणका साथै नयाँ नयाँ तर्क वितर्क पनि हुने र कल्पना शक्तिमा पनि बृद्धि भएको पाइयो ।

### ४.१.२.२ दण्ड रहित शिक्षण :-

यस अध्ययन क्षेत्र भित्रका विद्यालयहरूमा केहि वर्ष अघि सम्म विद्यार्थीहरूलाई दण्ड दिने गरेको भन्ने थाहा भयो । बदलिदो परिस्थिति अनुसार वर्तमान अवस्थामा विद्यार्थीलाई सकेसम्म दण्ड रहित तरिकाबाट अध्ययन-अध्यापन कार्य संचालन गर्ने गरेको पाइयो । कति पनि शिक्षकहरू अझै पनि दण्डको पक्षमा रहेको थाहा पाइयो र तर अधिकांश शिक्षकहरूले नयाँ परिपाटि अनुसार विद्यार्थीहरूलाई फकाएर मायालु वातावरणमा अध्ययन अध्यापन कार्य संचालन गर्दा बढी उपलब्धिमुलक हुने बताएका छन् ।

### ४.१.२.३ शिक्षण सामग्रीको निर्माण, प्रयोग र व्यवस्थापनको बालमैत्रीपना :-

'हजार शब्दले बुझउन खोजेको कुरा एउटै चित्रबाट छर्लङ्ग हुन्छ' भन्ने भनाई छ । त्यस कारण शिक्षण सिकाई क्रियाकलापमा शैक्षिक सामग्री तथा चित्रहरूको प्रदर्शन अति महत्वपूर्ण मानिन्छ । शैक्षिक सामग्रीको प्रयोगबाट प्राप्त ज्ञान लामो समयसम्म रहिरहने र रूचिपूर्ण हुने हुनाले यो अत्यन्त महत्वपूर्ण पक्ष हो । यस अध्ययन क्षेत्र भित्रका विद्यालयहरूमा पनि शैक्षिक सामग्री तथा चित्रहरू प्रयोगमा आएको पाइयो । कतिपय विद्यालयमा कक्षा कोठाको भित्तामा नै चित्र एवं अक्षर बनाएको पनि पाइयो ।

### ४.१.२.४ पूर्णतया मनोरञ्जनात्मक वातावरणको निर्माण

विद्यार्थीले के कति सिक्न सक्छन भन्ने कुरा पढाइको वातावरणमा पनि भर पर्दछ । मनोरञ्जनपूर्ण सिकाइ वातावरण भएमा विद्यार्थीहरूले बढी सिक्न सक्छन् र उनीहरू पढाइ प्रति रूची राख्दछन् । त्यस्तै यस प्रकारको वातावरणमा विद्यार्थीले नबुझेका कुराहरू शिक्षकसँग सोध्न सक्छन् । यस अध्ययन क्षेत्रका विद्यालयहरूमा यस प्रकारको वातावरणमा कमि भएको पाईयो ।

### ४.१.२.५ आधुनिक शिक्षा शिक्षण पद्धतिको उपयोग

शिक्षामा दिन प्रतिदिन नयाँ-नयाँ कुराहरुको खोज अनुसन्धान भै रहेको छ । पुरानो समयको शिक्षण पद्धतिले अब काम दिदैन । अब त आधुनिक शिक्षा पद्धति अनुसार शिक्षण गर्नु पर्दछ । यस अध्ययनको क्रममा केहि मात्रामा आधुनिक शिक्षण पद्धतिको प्रयोग भएको पाइयो भने धेरे कुरामा सुधार गर्नु पर्ने देखियो ।

### ४.१.२.६ निरन्तर मूल्याङ्कन पद्धतिको प्रयोग

विद्यार्थी मूल्याङ्कन अति आवश्यक छ । नेपालमा प्रयोगमा रहेका मुल्याङ्कनका साधनहरुमा पूर्ण रुपमा भर पर्न सकिदैन । निरन्तर मूल्याङ्कन प्रणली वर्तमानमा आएको एक आवश्यक मूल्याङ्कन पद्धति हो । यसको सहि रुपले प्रयोग गर्नु अति आवश्यक छ । यस अध्ययन क्षेत्रका विद्यालयहरुले निरन्तर मुल्याङ्कन पद्धतिको सहि रूपले प्रयोग गरेको पाइएन कतिपय शिक्षकहरूले यसलाई झंझट पूर्ण कार्य समेत भने । तर यसबाट विद्यार्थीको मुल्याङ्कन राम्रोसँग गर्न  सकिन्छ । यस पद्धतिको राम्ररी प्रयोग गर्नु अति आवश्यक छ ।

### ४.१.२.७ बालबालिकाको पूर्ण सहभागिताको प्रयोग

बालबालिकाहरूको पूर्ण सहभागिता भएमा मात्र शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी बन्न सक्छ । जस्तो सुकै शिक्षण पद्धति वा शिक्षण विधिको प्रयोग गरिए तापनि बालबालिकाको पूर्ण सहभागिता बिना कुनै पनि कार्यक्रम सफल हुन सक्दैन । यस अध्ययनको सिलसिलामा पनि विद्यालयमा विद्यार्थीहरूको सहभागितामा कमी देखियो ।

## निचोड :-

यस अध्ययन क्षेत्र भित्र परेका विद्यालयहरूमा बालमैत्रीपनाको शिक्षण व्यवस्थापनमा कमि देखिन आयो । यस अवस्थाबाट बालबालिकाले राम्ररी सिक्न गाह्रो पर्दछ । तसर्थ विद्यालयहरूले आफ्नो अध्ययनको कार्यमा बालमैत्री अध्ययनलाई आत्मासाथ गरी अगाडी बढ्नु पर्ने देखिन्छ ।

## ४.२ बालमैत्री शिक्षण व्यवस्थापनबाट शैक्षिक क्षेत्रमा पर्ने प्रभाव :-

बालमैत्री शिक्षण व्यवस्थापन र यसको शैक्षिक प्रभाव भन्ने शिर्षक अन्तर्गत गरिएको यो अध्ययनबाट के भन्न सकिन्छ भने यसबाट शिक्षा क्षेत्रमा राम्रो प्रभाव अर्थात सकारात्मक पर्दछ । यस अध्ययनको सिमा क्षेत्र भित्र रहेका विद्यालयहरूका प्र.अ., शिक्षक, अभिभावक ज्यू तथा विद्यार्थीहरूबाट प्राप्त विचारहरूबाट के भन्न सकिन्छ भने बालमैत्री शिक्षण व्यवस्थापन नै वर्तमान अवस्थाको लागि शिक्षा क्षेत्र सुधार्ने एकमात्र विकल्प हो । अहिले शिक्षा क्षेत्रमा अनेक विकृतिहरू छन् । विद्यार्थी वर्गमा अनुशासनको समस्या देखिएको छ । विद्यार्थी र शिक्षकहरूका बिचको सम्बन्ध त्यति राम्रो छैन । त्यस्तै शिक्षामा गरिएको ठूलो लगानीको प्रतिफल अत्यन्त न्यून छ ।

बालमैत्री शिक्षण व्यवस्थापनबाट पक्कै पनि शिक्षा क्षेत्रमा धेरै सुधार ल्याउन सकिन्छ । विद्यर्थी र शिक्षक बिच राम्रो एवं मायाको वातावरण सिर्जना हुन्छ । विद्यार्थीहरूले यस किसिमको वातावरणबाट धरै कुरा सिक्न सक्नेछन् । विद्यार्थीले राम्ररी पढ्ने र सिक्ने वातावरण तयार भएपछि शिक्षा क्षेत्रको प्रतिफल अवश्य बढ्ने र शिक्षामा भएको लगानीको सदुपयोग हुनेछ । यसलाई यस प्रकार व्याख्या विश्लेषण गर्न सकिन्छ ।

### ४.२.१शैक्षिक प्रभाव :

बालमैत्री व्यवस्थापनको शैक्षिक क्षेत्रमाराम्रो प्रभाव पर्दछ । बालबालिकाकाले राम्रोसँग सिक्न सक्दछन् । उनीहरूको शैक्षिक उपलब्धिमा बृद्धि हुन जान्छ । उनीहरूले पाठ्यक्रमले निर्धारण गरेका कुराहरू राम्रारी सिक्न सक्दछन् । जस्ले गर्दा शिक्षा क्षेत्रमा अवस्य पनि सुधार आउँछ ।

### ४.२.२ लगानीको प्रतिफल प्राप्ती :

शिक्षा क्षेत्रमा ठूलो लगानी राज्यले गरिरहेको छ । ठूलो लगानीको प्रतिफल सन्तोषजनक नहुँदा शिक्षा क्षेत्रमा कामगर्ने हरेक व्यक्ति तथा संस्थाहरू चिन्तित छन् । यस बालमैत्री शिक्षण व्यवस्थापनले लगानी आसारको प्रतिफल प्राप्त गर्न मद्दत गर्दछ ।

### ४.२.३ सामाजिक प्रधाव :

बालमैत्री व्यवस्थापनको सामाजिक प्रभाव पनि पर्ने देखिन्छ । बालबालिकाले आफूले गर्नुपर्ने भूमिका पनि राम्रोसंग बुझ्न सक्दछन । जसबाट बालबालिका समाजमुखी बन्न सक्दछन । यसबाट सामाजिक सलभावमा समेत बृद्धि हुन सक्छ ।

### ४.२.४ विद्यार्थी र शिक्षक बिचको सुमधुर सम्बन्ध

बालमैत्री शिक्षण व्यवस्थापनमा शिक्षक एवं छात्रछात्रा बिच राम्रो सम्बन्ध स्थापनाहुन्छ । जस्ले गर्दा विद्यार्थीले आफ्नो समस्याहरू शिक्षकहरूलाई भन्न सक्छन र शिक्षकले पनि त्यस समस्याका विभिन्न समाधानका उपायहरू बताउन सक्छन र जस्ले गर्दा शिक्षक र विद्यार्थी बिच द्वन्द्वको सम्भावना हुँदैन ।

### ४.२.५ विद्यार्थी अनुशासान :

वर्तमान अवस्थामा विद्यार्थीहरूमा उच्छृङ्खलता बढ्दै गएको देखिन्छ विद्यार्थीहरू अनुशासनमा बस्दैनन भन्ने धेरैले गुनासो गर्दछन् । बालमैत्री व्यवस्थापनलाई प्रयोगमा ल्याउँदा विद्यार्थी अनुशासनमा राम्ो प्रभाव पर्दछ । विद्यालयहरूमा विद्यार्थीहरूले राम्ररी अनुशासनको पालना गर्दछन् । अत्यन्त राम्रो वातावरण सिर्जना हुन्छ ।

### ४.२.६ स्वच्छ शैक्षिक वातावरण :

बालमैत्री शिक्षण व्यवस्थापनबाट स्वच्छ शैक्षिक वातावरण निर्माणमा सहयोग प्राप्त हुनछ । पाठ्यक्रम र पाठ्यपुस्तकहरूको शिक्षण - सिकाइमा राम्रो प्रयोग हुन सक्छ । शैक्षणिक योजना निर्माण र तिनीहरूको प्रयोगको राम्रो वातावरण तयार हुन्छ । क्रियाकलाप मुखी शिक्षणसिकाइ प्रकृया लागु हुन्छ, जसले गर्दा विद्यार्थीहरू बढी सिर्जनशिल हुन्छन् । उनीहरूले नयाँ नयाँ तर्क वितर्क गर्न सक्ने एवं नयाँ नयाँ कुराहरू पत्ता लगाउन सक्ने क्षमताको विकास हुन्छ ।

### ४.२.७ शैक्षिक बेरोजगारीको समाधान :

बालमेत्री व्यवस्थापनको माध्यमबाट देशमा राम्रो जनशक्ति उत्पादन हुन सक्छ, जस्ले देशको विकासमा ठूलो टेवा दिन सक्नुका साथै वर्तमानमा रहेको देशको ठूलो समस्या शैक्षिक बेरोजगार एवं विदेशिनु पर्ने बाध्यता जस्ता समस्याको समाधान प्राप्त हुन सक्छ ।

यस अध्ययन क्षेत्र भित्रका विद्यालयहरूका प्र.अ., अिक्षक, अभिभावक एवं विद्यार्थीको पनि अधिकांशको धारणा यस्तै भएको पाइयो ।

### ४.३ बालमैत्री शिक्षण व्यवस्थापनमा रहेका समस्याहरू :

बालमैत्री व्यवस्थापन भन्नमा जति सजिलो छ, व्यवहारमा लागु गर्न पक्कै पनि कठिनाई छ । समस्याहरू सबै ठाउँमा धरै-थोरै भै नै हाल्छन् । त्यस्तै बालमैत्री शिक्षण व्यवस्थापनमा पनि थुप्रै समस्याहरू छन् तिसमस्याहरूलाई मूख्य रूपमा दुई भागमा विभाजन गरी तिनीहरूको छोटकरीमा चर्चा गर्ने प्रयास गरेको छु ।

### ४.३.१ भौतिक व्यवस्थापनको बालमैत्रीपना सम्बन्धि समस्याहरू

यस अन्तर्गत छनोटमा परेका विद्यालयहरूको भौतिकपक्षहरू जस्तै :- कक्षाकोठा, भ्याल-ढोका, बेन्च, कुर्ची, कार्पेट, शैक्षिक सामग्रीको प्रयोग र भण्डारन, खेल सामग्रीको उपलब्धता शौचालय, खानेपानी सम्बन्धमा बालमैत्रीपना सम्बन्धी समस्या यस अन्तर्गत परेका छन् ।

### ४.३.१.१ कक्षा कोठाको आकार, हावा एवं प्रकाशको व्यवस्था

विद्यालयका कक्षा कोठाहरूको साइज उपयुक्त हुनु पर्दछ, त्यहाँ हावा एवं प्रकाश (उज्यालो) को राम्रो व्यवस्था हुनु अत्यन्त जरुरी छ । यस अध्ययनको क्षेत्र भित्रका विद्यालयका कक्षा कोठाहरूमा पुराना भवन भएकाले ६०% जति कक्षाकोठामा साइज, हावा एवं प्रकाशको समस्या देखिएको थियो ।

### ४.३.१.२ डेक्स, बेन्च एवं कार्पेट सम्बन्धी समस्या :-

अध्ययनको क्षेत्र भित्रका ६ वटा विद्यालयहरूमा डेक्स, बेन्च र कार्पेटको सामान्य व्यवस्था गरिए तापनि विद्यार्थीको उमेर, आकार मिलेको पाइएन । साना बालबालिकालाई कार्पेटको व्यवस्था गरेको देखियो तर फोहोर देखियो ।

### ४.३.१.३ शैक्षिक सामग्र एवं खेलकुदका सामग्री सम्बन्धी समस्या

विद्यालयहरूमा शैक्षिक सामग्रीको एवं खेलकुदका सामग्रीको अभाव देखियो । केहि भएका सामग्रीहरू पनि व्यवस्थापनको अभावमा अस्त व्यस्त रूपमा देखिए । केहि विद्यालयहरूमा अलि राम्रो देखिए तापनि अधिकांश विद्यालयहरूले शैक्षिक सामग्रीको एवं खेलकुद सामग्रीको उचित व्यवस्थापन गर्न नसकेको पाइयो ।

### ४.३.१.४ शौचालय र खानेपानी सम्बन्धी समस्या

विद्यालयहरूमा शौचालयको व्यवस्था भएको पाइयो तर विद्यार्थीको संख्याको तुलनामा शौचालयको कमी देखियो । त्यस्तै खानेपानीको राम्रै व्यवस्था गर्न खोजिएको देखिन्थ्यो तर फिल्टर गर्न सकेको धेरैमा देखिएन । यसमा पनि सुधार गर्नु पर्ने देखिन्छ ।

### ४.३.२ शिक्षण सिकाई क्रियाकलापको बालमैत्रीपना सम्बन्धी समस्याहरू

शिक्षण सिकाइ क्रियाकलापमा पनि धेरै समस्याहरू रहेका छन् । यस अध्ययन क्षेत्र भित्र रहेका विद्यालयहरूमा देखिएको समस्याहरू निम्नानुसार छन् ।

## शिक्षण सामग्री निर्माण प्रयोग र व्यवस्थापन सम्बन्धी समस्या

यस अध्ययनका सबै विद्यालयहरूमा शैक्षिक सामग्री उपर्युक्त प्रकारका र उचित परिणममा पाउन सकिएन । उपलब्ध रहेका शैक्षिक सामग्रीहरूको पनि उचित व्यवस्थापनको अभाव देखियो । यस प्रकारको वातावरणबाट विद्यार्थीहरूले आवश्यक सिक्नुपर्ने कुरा सिक्न नसक्ने, अरूची बढ्ने, विद्यालय आउन अरूची मान्ने र विद्यालय छोड्ने दरमा वृद्धि हुने सम्भावना बढेर जान्छ ।

## सिकाई उत्प्रेरणा विधि सम्बन्धी समस्याहरू

नकरात्मक उत्प्रेरणा विधि दिर्घकालिन हुदैन र सकरात्मक पुनर्वल द्वारा सिकिएको कुराको धारणा दिर्घकालिन हुन्छ । सकरात्मक पुनर्वल जहिले पनि वालमैत्री हुन्छ । विद्यालयहरूमा बालबालिकालाई  गरिएको Motivationत्यती सकरात्मक भेटिएन । यस प्रकारका नकरात्मक Motivationले बाल मैत्री सिकाईमा असर पार्न सक्दछ ।

## शिक्षण एवम् मूल्याङ्कन सम्बन्धी समस्याहरु

शिक्षण विधिहरू एवम् मूल्याङ्कन प्रकृया पनि आशा गरे अनुसार बालमैत्री नहुनाले थप समस्याहरू सृजना भएका छन् । मूल्याङ्कन प्रकृयामा निरन्तर मूल्याङ्कन प्रणालीको वास्तविक मर्म विपरित ठूला कक्षालाई  झै सानो कक्षाहरूलाई पनि पेपर पेन्सिल टेष्टलाई  बढवा दिने गरेको, त्यस्तै विद्यार्थीको प्रगतिको उपयुक्त अभिलेख नराखने गरेको पाइन्छ । यसले बालबालिकाको वास्तविक मूल्याङ्कन हुन सकेको छैन । साथै शिक्षण सिकाइ प्रक्रियाको निरन्तर निरीक्षण अनुगमन एवं पृष्ठपोषण हुन नसकेको अवस्था विद्यमान छ ।

## बालमैत्री पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी समस्याहरू

शिक्षा विभागले निर्धारण गरेको पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षक निर्देशिकाहरू आशा गरे अनुसार क्रियाकलाप मुखी तथा बालमैत्री हुन सकिरहेका छैनन् । त्यस्तै शिक्षकहरूले पुरानै परम्परागत शैलीबाट अध्यापन गरिरहेको अवस्था विद्यामान हुँदा यसले बालमैत्री अवधारणालाई उपेक्षा गरेको छ ।

## बालकेन्द्रित शिक्षण सम्बन्धी समस्या

वर्तमान अवस्थामा बालकेन्द्रित शिक्षणको आवश्यकता अति छ । आजभोलि पनि शिक्षकहरूबाट पुरानै व्याख्यान विधिबाट अध्ययन गर्दैआइरहेको हुँदा यो एउटा समस्याको रूपमा रहेको छ ।

**दण्ड रहित शिक्षण सम्बन्धी समस्या**

दण्डले विद्यार्थीको पढाइमा खासै सहयोग गर्दैन । हाम्रो परम्परा अनुसार विद्यार्थीलाई बानी सुधार्नको लागि दण्ड दिने चलन थियो तर विभिन्न प्रयोग अनुसन्धानले विद्यार्थीहरूलाई दण्डको सट्टा बालमैत्री तरिकाले अध्यापन गने हो भने बढी उपलब्धि मुलक हुने प्रमाणित भएको छ । अझै पनि दण्ड आवश्यक छ भन्ने तर्क पनि सुनिन्छ । तर त्यो तर्क पूर्णरूपमा गलत छ ।

**४.४ बालमैत्री शिक्षण व्यवस्थापनमा रहेका समस्याहरूका समाधानका उपायहरू :-**

यस अनुसन्धानको क्रममा छनौटमा परेका विद्यालयको प्र.अ., शिक्षकहरू, अभिभावकहरू, विद्यार्थी तथा स्रोतव्यक्तिसँगको अन्तर्वार्ता प्रश्नावली स्थलगत भ्रमणको सिलसिला, एवं छलफलको क्रममा आएका विचारहरूका आधारमा बालमैत्री शिक्षण व्यवस्थापनमा रहेका समस्याको समाधानहरू निम्नलिखित रहेका छन् :-

**१. उपयुक्त मापदण्ड अनुसार विद्यालय कक्षाकोठा स्थापना हुनु पर्दछ -**

वर्तमान अवस्थामा निर्माण गरिएको हरेक विद्यालयहरू कक्षाकोठाहरू उपर्युक्त आकार एवं विद्यार्थीको लागि उपयुक्त प्रकारले निर्माण गरिनु पर्दछ । त्यस्तै प्रकाशको राम्रो व्यवस्था भएको र हावा खेल्ने प्रकारका झ्याल ढोका भएको कक्षा कोठा एवं विद्यार्थीको अग्लाई अनुसारका बेन्च कुर्चीको व्यवस्था गरिनु पर्दछ ।

**कक्षा वातावरण उपर्युक्त एवं बालमैत्री हुनु पर्ने -**

विद्यार्थीलाई कक्षा कोठाले धेरै प्रभाव पार्दछ । कक्षा कोठाको राम्रो वातावरण भएमा धेरै कुराहरू सिक्न सहयोग मिल्छ । तसर्थ कक्षाकोठा उपयूक्त एवं बालमैत्री किसिमले सजाउनु पर्दछ ।

**बालमैत्री खेल सामग्री एवं अनोरञ्जन सामग्रीको व्यवस्था हुनुपर्ने -**

बालबालिकाहरूले मनोरञ्जनबाट नै धेरै कुराहरू सिक्ने हुँदाँ विद्यालयहरूले आवश्ह्यक खेल सामग्रीको व्यवस्था मिलाउनु पर्दछ । त्यस्तै मनोरञ्जनका साधनले गर्दा विद्यार्थीहरू विद्यालय तर्फ आकर्षित हुन्छन् । तसर्थ हेक विद्यालयले यसको व्यवस्था मिलाउनु पर्दछ ।

**खाने पानी खेल मैदान र शौचालयको उचित व्यवस्था हुनुपर्ने**

हरेक विद्यालयहरूले आफ्नो आवश्यकता तथा क्षमतालाई ध्यानमा राखी बालमैत्री स्वच्छ खानेपानी, खेल मैदान र शौचालयका व्यवस्था गर्नु पर्दछ ।

**पृष्ठपोषण र पुनर्वल प्रदान गर्नु पर्ने**

हरेक विद्यालयका शिक्षकहरूले पृष्ठपोषण एवं पुनर्वलको बढी प्रयोग गरी विद्यार्थीहरूको सिकाइलाई अघि बढाउनु पर्दछ ।

**बालबगैंचाको व्यवस्था हुनुपर्ने**

मन्टेश्वरीको सिद्धान्त अनुसार विद्यालयहरूले आफ्नो आवश्यकता अनुसार बालबगैंचा निर्माण गरिनु पर्दछ । स-साना बालबालिकाले यस बगैंचाबाट खेलको माध्यमबाट धेरै कुराहरू रमाइलो तरिकाबाट सिक्न सक्दछन् ।

**निरन्तर मूल्याङ्कनको व्यवस्था राम्रो हुनुपर्ने**

औपचारिक मूल्याङ्कन पद्धतिबाट बालबालिकाहरूमा सिकाइ पछि आएको वास्तविक परिवर्तन थाहा पाउन कठिन हुन्छ त्यसैले निरन्तर मूल्याङ्कन प्रणाली अन्तर्गत उनिहरूको प्रगतिको अभिलेख राखी दैनिक व्यवहारमा आएको परिवर्तन, संज्ञानात्मक र मनोरञ्जनात्मकतामा आएको शुक्ष्म परिवर्तनलाई आधार मानी मूल्याङ्कन गर्न सके मूल्याङ्कन बालमैत्री हुन गै अपेक्षित परिणाम प्राप्त गर्न सकिन्छ ।

**शिक्षकहरू सबैलाई तालिमको व्यवस्था हुनु पर्ने**

शिक्षकहरू नै बालबालिकाका मार्ग दर्शक हुन् । शिक्षकले राम्रोसँग विद्यार्थीहरूलाई मार्ग दर्शन दिन नसकेमा बालबालिकाको भविष्य राम्रो हुँदैन । तसर्थ सबै शिक्षकलाई तालिमको प्रबन्ध मिलाई बालमैत्री शिक्षण व्यवस्थापनको हरेक कुराहरूमा ज्ञान प्रदान गर्न सकेमा पक्के पनि बालमैत्री बालबालिकाले आफ्नो अध्ययनलाई राम्ररी अघि बढाउन सक्छन् ।

## ४.४ प्राप्तिको शारांस

विद्यालयहरूमा भौतिक अवस्थामा सुधार गरि बालमैत्री बनाउनको लागि गर्नुपर्ने धेरै कामहरू गर्न बाँकी छन् । यसका लागि कक्षा कोठाहरूको आकार उपर्युक्त हुनु पर्दछ । खाने पानी र शौचालयहको सर्वसुलभतामा ध्यान दिनु जरुरी छ । त्यस्तै शिक्षण सिकाइ क्रियाकलापलाई बालमैत्री बनाउन बालकेन्द्रित शिक्षण सामग्रीको पर्याप्त एवं उपयुक्ततामा ध्यान दिनु पर्ने, मूल्याङ्कनका सामग्रीहरूबालकेन्द्रित हुनुपर्ने कक्षाको वातावरण बालमैत्री हुनुपर्ने, आधुनिक शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गर्नुपर्ने कुरामा ध्यान दिनु जरुरी देखिन्छ ।

यसरी अध्ययन गरिएका विद्यालयहरूमा भौतिक अवस्थाको बालमैत्री पना अध्ययन गर्दा सामान्य रूपमा ध्यान दिएको पाइयो । स-साना उमेरका बालबालिकाले खेल र मनोरञ्जनबाट धेरै कुराहरू सिक्छन् भन्ने मन्टेश्वरीको सुद्धान्त भए तापनि त्यसको केहिमात्र ध्यान पुऱ्याउन सकेको पाइयो ।यस अध्ययनको क्षेत्रभित्र परेका विद्यालयको भौतिक व्यवस्थापनलाई अध्ययन गर्दा केहिमात्रामा बालमैत्री व्यवस्थापनलाई ध्यान दिएको पाइयो भने अन्य केहि कुरामा बालमैत्री व्यवस्थापन नभएको पाइयो । भने शैक्षिक क्षेत्रमा शैक्षिक बेरोजगारीको समाधान गर्न सहयोग पुग्नुका साथै स्वच्छ शैक्षिक वातावरण, विद्यार्थी अनुशासान, विद्यार्थी र शिक्षक बिचको सुमधुर सम्बन्ध, सामाजिक प्रधाव एवम् लगानीको प्रतिफल प्राप्तीका लागि बालमैत्री शिक्षण व्यवस्थापन प्रभावकारी भएको तथ्य अनुसन्धानका क्रममा प्राप्त भएको थियो ।
बालमैत्री शिक्षण व्यवस्थापनले विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धिमा महत्वपूर्ण प्रभाव पार्ने भए पनि कक्षाकोठाको साइज, हावा र प्रका सम्बन्धी समस्या, खेलकुद तथा शैक्षिक सामग्री, सौचालय तथा खाने पानी, शिक्षण सामग्री निर्माण र व्यवस्थापन, शिक्षण एवम् मूल्यांकन, बालमैत्री पाठ्यक्रम एवम् पाठ्यपुस्तक, बालकेन्द्रित शिक्षण, दण्ड रहित शिक्षण जस्ता कुराहरु प्रभावकारी हुन नसक्दाचाहेर पनि बालमैत्री वातावरण विद्यालयमा सृजना हुन नसकेको भन्ने जस्ता जानकारीहरु अध्ययनको क्रममा प्राप्त भएको छ । भोलिका दिनमा उल्लेखित समस्यालाई निराकरण गरेर बालमैत्री विद्यालयमा बालमैत्री वातावरण सृजना गर्न सकेका खण्डमा विद्यार्थीको शैक्षिक उपलब्धिमा वर्तमानको भन्दा अरु वृद्धि गर्नका लागि सहयोग पुग्नेछ भन्ने जस्ता उत्तरहरु अध्ययनको क्रममा जानकारी प्राप्त भएको छ ।

# परिच्छेद पाँच

## निष्कर्ष र सुझावहरू

प्रस्तुत “बालमैत्री शिक्षण व्यवस्थापन र यसको शैक्षिक प्रभाव” विषयक प्रतिवेदन तयार पार्ने क्रममा चितवन जिल्ला अन्तर्गत भरतपुर नगर क्षेत्रका ६ वटा सामुदायिक विद्यालयहरूकोछनोट गरिएको थियो । उक्त नगर क्षेत्रका विद्यालयका प्र.अ., शिक्षककहरू, विद्यार्थीहरू, अभिभावक ज्यूहरू, वि.व्य.स. का सदस्यज्यूहरू एवं स्रोतव्यक्तिलाई यस अध्ययनमा समावेश गरिएको छ । यस अध्ययनले राखेको उद्देश्य पूरा गर्नका लागि प्रधानाध्यापक अन्तर्वार्ता प्रश्नावली शिक्षक अन्तर्वार्ता प्रश्नावली, अवलोकन भ्रमण छलफल आदिको सहयोग लिई आवश्यक सम्पूर्ण तथ्य एवं सूचनाहरूलाई व्याख्यात्मक रूपमा प्रस्तुत गरिसके पछि त्यसबाट प्राप्त भएको निचोड कस्तो रह्यो, के कस्ता समस्याहरू देखिए त्यसको निश्कर्ष सहित विद्यामान समस्या समाधानका लागि आवश्यक सुझावहरू यस परिच्छेदमा उल्लेख गरिएको छ ।

### ५.२ निष्कर्ष

सा-साना उमेरका बालबालिकाहरूको शारीरिक, मानसिक तथा व्यवहारगत परिवर्तनको लागिशिक्षण सिकाइ तथा भौतिक वातावरण बालमैत्री हुनुपर्नेमा सबै सरोकारवाला व्यक्तिको समान धारणा भएको पाइयो । त्यसै गरी कक्षा वातावरण र बालमैत्री तथा बालबालिका केन्द्रित हुनु पर्ने साथै बालबालिकाहरू खेलकुद तथा संगितबाट छिटो सिक्छन् भन्ने निष्कर्षमा पुगियो ।

शिक्षकहरूको योग्यता, तालिम तथा सेवा-सर्तहरूमा समय सापेक्ष सुधार गर्न सकेमा विद्यालयलाई सफलता तर्फ उन्मुख गराउन सकिन्छ । त्यस्तै विद्यालयहरूलाई स्वीकृती प्रदान गर्ने क्रममा पनि त्यसका पूर्वाधारहरू बालमैत्री छन कि छैनन् भनेर निरीक्षण गर्दा राम्रो हुन्छ ।

विद्यालयहरूमा विद्यार्थीहरूका लागि आवश्यक पर्ने शैक्षिक सामग्रीहरू र खेलकुदका सामग्रीहरू उचित मात्रामा र बालमैत्री खालका हुन अति जरुरी भएता पनि त्यस प्रकारको वातावरण देखिएन । त्यसतर्फ पनि सम्बन्धित निकायको ध्यान जान अति जरुरी छ ।

खानेपानी एवं शौचालयहरू छन् यो त्यति ठूलो कुरा होइन तर खानेपानी शुद्ध हुनु अति जरुरी छ र बालबासलकाको संख्या र पहुँच भित्र हुनु पऱ्यो त्यस्तै विद्यालयका शौचालयहरूको अवस्था

अत्यन्त नराम्रो भएकमो पाइयो । सफा सुग्घर, छात्र-छात्राको लागि भिन्दा भिन्दै, शौचालयमा पानी एवं चुकुलको राम्रो व्यवस्था हुनु अति आवश्यक छ ।

खेलमैदानको व्यवस्था हरेक विद्यालयले गर्नुपर्ने देखिन्छ । त्यस्तै बालबगैंचाको व्यवस्थाको पनि अनिवार्यता छ । यिनीहरूको अभावमा बालबालिकाको शारीरिक, मानसिक एवं बौद्धिक विकाशमा प्रभाव पर्दछ । यस अध्ययनमा परेका विद्यालयहरूको वर्तमान अवस्था त्यति राम्रो देखिएन । त्यसकारण यी विद्यालयहरूले सुधारमा ध्यान दिनुपर्ने देखिन्छ ।

हरेक विद्यालयले विद्यालय सरसफाई, स्वास्थ्य सेवा, प्राथमिक उपचार आदि जस्ता कार्यक्रम संचालन गर्न सके राम्रो हुन्छ । बालबालिकालाई केन्द्र विन्दु बनाएर प्राकृतिक वातावरणमा सिक्ने अवसर मिलाउन सके बालबालिकाले धेरै कुराहरू सिक्न सक्छन् । यस्तो अवस्था भएमा विद्यार्थीहरूले सफलता पनि प्राप्त गर्ने छन् र विद्यालय छोड्ने दर पनि कम हुने छ । शिक्षामा लगानी पनि सदुपयोग हुने छ ।

वतर्मानमा भएका भौतिक तथा शैक्षिक व्यवस्थापन खासै बालमैत्री छैनन् । शिक्षाविद फ्रोबेल र मन्टेश्वरीको अवधारणा अनुसार पूर्व प्राथमिक शिक्षालाई बालमनोविज्ञानका हिसावले रमाइलो, मनोरञ्जनात्मक एवं बालकेन्द्रित बनाउन सकेको खण्डमा विद्यालयहरूको उद्देश्य पूरा हुन सक्ने हुँदा यसका व्यवस्थापनमा बालमैत्री अवधारणालाई आत्मासात गर्नुपर्ने कुरामा प्रायः सबै सहमत छन् ।

बालमैत्री शिक्षण व्यवस्थापन र यसको शैक्षिक प्रभाव विषयक अध्ययनमा निर्माण गरिएका विभिन्न अध्ययन सामग्रीको व्याख्या एवं विश्लेषण पश्चात प्राप्त प्राप्तिलाई यस प्रकार प्रस्तुत गरिएको छ ।

क) नगर क्षेत्रका विद्यालयहरूमा केहि मात्रामा बालमैत्री शिक्षण व्यवस्थापन तर्फ उन्मुख भएको पाइयो ।

ख) बालमैत्री शिक्षण व्यवस्थापन शब्दमा अत्यन्त राम्रो तर व्यवहारमा उतार्न कठीन भएको पाइयो ।

ग) बालमैत्री शिक्षणको भौतिक व्यवस्थापनलाई अब कसरी सुधार गर्ने भन्ने प्रश्न खडा भयो ।

घ) विद्यार्थीहरूको संख्या धेरै भएको विद्यालयमा बालमैत्री शिक्षण व्यवस्थापन कठीनाई पूर्ण हुने तर्क पनि गरेको पाइयो ।

ङ) एउटै विद्यालयमा सा-साना देखि ठूला विद्यार्थीहरू भएको हुँदा सा-साना विद्यार्थीहरूलाई ठूला विद्यार्थीले हेपेको पनि पाइयो ।

च) दण्ड रहित शिक्षण तर्फ अघि बढेको पाइयो । तुलनात्मक रूपमा सुधार भएको पाइयो ।

छ) विद्यार्थीको कमजोरीका कारणहरू खोज्ने प्रवृत्तिको केहि हदसम्म विकास भएको पाइयो ।

ज) निरन्तर मूल्याङ्कन प्रणली राम्रो त हो तर अलि झन्झत पूर्ण छ भन्ने गरेको पाइयो ।

झ) मन्टेश्वरी र फ्रोबेलको सिद्धान्तलाई आत्मासाथ गरेको खासै पाइएन तर सामान्य प्रयास गर्ने तर्फ उन्मुख भएको पाइयो ।

**५.२ सुझावहरू**

यस अध्ययनको निष्कर्षको आधारमा विद्यालयहरूको भौतिक व्यवस्थापन एवं शिक्षण सिकाइमा बालमैत्रीपनाको अवस्थालाई प्रभावकारी बनाउने निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।

**५.२.१ नीतिगत तह**

क) विद्यालयहरूले स्वीकृत प्राप्त गर्नको लागि आधारभूत भौतिक सुविधाहरू बालमैत्री तरिकाले निर्माण गरी स्वीकृति लिने गर्नुपर्दछ ।

ख) स्वीकृति दिने निकायले पनि विद्यालयलाई स्वीकृति दिनु भन्दा अगाडि त्यसको राम्रो अवलोकन गरी बालमैत्री भए/नभएको यकिन गरी मालमैत्री भएमा मात्र स्वीकृत दिने गर्नु पर्दछ ।

ग) शुद्ध सफा पानीको व्यवस्था मिलाउनु पर्दछ र शौचालयहरू सफागर्ने स्थायी व्यवस्था मिलाउनुका साथै शौचालयहरू विद्यार्थीको संख्याको आधारमा पुग्दो र ठिक्क दुरीमा हुनु पर्दछ

घ) कुर्ची, बेन्च, डेस्क इत्यादि बालमैत्री तरिकाले निर्माण गर्नु पर्दछ ।

ङ) विद्यालयका कक्षा कोठा टीक साइजका उज्याला एवं हावा खेल्ने किसिमका सुरक्षित तथा हल्ला नहुने खालका हुनु पर्दछ ।

च) खेलमैदानको लागि आवश्यक पहल गर्नु पर्दछ । विद्यालयको लागि पठन-पाठनलाई बाधा नपर्ने गरी उपर्युक्त ठाँउमा सुरक्षित तथा व्यवस्थित खेलमैदानको लागि पहल गर्नु पर्दछ ।

### ५.२.२ कार्यान्वयन तह

क) बालबालिकाको रूचि, उमेर, क्षमता र मनोविज्ञान अनुरूपका शैक्षिक सामग्रीहरूको निर्माण, संकलन तथा खरीद गरी तिनीहरूको राम्रो प्रयोग, भण्डारनको उचित व्यवस्था तथा तिनीहरू बालबालिकाको पहुँचमा हुनु पर्दछ ।

ख) विद्यालयलाई बालमैत्री बनाउन सम्बन्धित विद्यालयका प्र.अ., स्रोत व्यक्ति, वि.नि. आदिले सहयोग पुऱ्याउनु पर्दछ ।

ग) सकारात्मक उत्प्रेरणा विधि तथा पुनर्वल प्रदान गरी बालबालिकालाई सिकाई प्रति उत्प्ररित गर्नु पर्दछ ।

घ) मूल्याङ्कन प्रणालीमा सुधार गरी बालमैत्री बनाइनु पर्दछ । निरन्तर मूल्याङ्कन प्रणालीलाई व्यवहारमा ल्याइनु पर्दछ ।

ङ) पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका एवं विभिन्न शैक्षिक सामग्री बालमैत्री बनाइनु पर्दछ

च) भय रहित, दण्ड रहित तरिकाले विभेद मुक्त तरिकाले अध्ययन-अध्ययापनको वातावरण निर्माण गर्नु पर्दछ ।

### ५.२.३ अनुसन्धान तह

यस सन्दर्भमा यस्तै प्रकारका अनुसन्धान अन्य शीर्षकमा पनि गर्न सकिने भएकोले अब आउँदा दिनमा अनुसन्धानकर्तालाई निम्न सुझाव प्रस्तुत गरिएका छ । परम्परागत शिक्षण व्यवस्थापन र बालमैत्री शिक्षण व्यवस्थापनको तुलनात्मक अध्ययन गरिनु पर्दछ । बालमैत्री शिक्षण व्यवस्थापन र कक्षा छोड्ने दर बीचको सम्बन्ध अध्ययन गरिनु पर्दछ । बालमैत्री शिक्षण व्यवस्थापनमा प्र.अ.को भुमिका तथा बालमैत्री शिक्षण व्यवस्थापन र शिक्षक तालिमको सम्त्रन्ध आदि विषयवस्तुलाई अनुसान्धानको लागि सुझावको रूपमा प्रस्तुत गरिएको छ ।

# सन्दर्भग्रन्थ सूची

अधिकारी, विष्णुप्रसाद (२०७१), *माध्यमिक शिक्षक दिग्दर्शन,* काठमाडौँ : आशिष बुक हाउस प्रा.लि. ।

कार्की, बाबुकाजी, (२०६८), *बालमैत्री विद्यालय,* शिक्षक मासिक, काठमाडौँ : ज्ञान विज्ञान शैक्षिक सहकारी संस्था लि. ।

कोइराला, विद्यनाथ (२०७१), *चाहने शिक्षकले गर्छन् गरेकै छन्,* शिक्षक मासिक, काठमाडौँ : ज्ञान विज्ञान शैक्षिक सहकारी संस्था लि. ।

कुँवर, राजकुमार (२०६९), *वर्तमान अवस्थाको व्यवसायिक एवम् प्राविधिक,* चितवनः पारदर्शी दैनिक ।

खनाल, पेशल (२०६७), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौँ : सनलाइट प्रकाशन ।

गोरखापत्र दैनिक (२०६७), **सुचना तथा साक्षरता**, http://ne.wikipedia.org, 2013, June 5.

गौतम, रमेशप्रसाद (२०७०), अँध्यारोबाट उज्यालो डोऱ्याउने शिक्षाको खाँचो, www. rajdhani. com.np/np, 2013, March, 13.

पौडेल गिरिराज र निरौला हरि प्रसाद (२०६९), *शिक्षा सम्बन्धी आधारभूत ज्ञान र शैक्षिक प्रविधि,* काठमाडौँ : हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

भट्टराई होमनाथ एवम् नेपाल विमल (२०६८), *शैक्षणिक विधि,* काठमाडौँ : जुपिटर पब्लिशर्स एवम् डिष्ट्रिव्युटर्स ।

भण्डारी, अखण्ड (२०७१), *सरकारी शिक्षा सुधार्ने उपाय,* काठमाडौ : कान्तिपुर राष्ट्रिय दैनिक ।

थापा, कमला (२०६९), *बालमैत्री विद्यालय निर्माणमा विद्यालय स्वास्थ्य कार्यक्रमको भूमिका,* काठमाडौँ : शिक्षा सोपान ।

महर्जन, सत्यनारायण(२०६९), *शिक्षक मासिक,* काठमाडौँ : ज्ञान विज्ञान शैक्षिक सहकारी संस्था लि. ।

राउत, कुमार(२०६१), *संस्थागत तथा सामुदायिक विद्यालय व्यवस्थापन एक तुलनातमक अध्ययन,* चितवन : स्नातकोत्तर शोधपत्र, सप्तगण्डकी बहुमुखी क्याम्पस ।

वाग्ले, मनप्रसाद (२०६७), *शिक्षाको प्रारम्भिक परिचय,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा चिरञ्जीवी र शर्मा निर्मला २०६९), *प्रारम्भिक बाल्यावस्था विकासको आधार,* काठमाडौँ : एम. के पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

*शिक्षा नियमावली २०५९,* काठमाडौँ : मकालु प्रकाशन ।

# बालमैत्री शिक्षण व्यवस्थापन र यसको शैक्षिक प्रभाव

## अनुसूची १

## प्र.अ.का लागि प्रश्नावली

**नामः** **विद्यालय :** **ठेगानाः**

**शैक्षिक योग्यता :** **कार्य अनुभवः**

1. यहाँले प्र.अ. पदमा सेवा गर्नु भएको कति वर्ष भयो ?

..................................................................................

२. विद्यालयमा कार्यरत शिक्षक सबैले तालिम प्राप्त गर्नु भएको छ ?

..................................................................................

३. बालभैत्री शिक्षण व्यवस्थापन सम्बन्धी यहाँको विद्यालयमा के कस्ता कार्यकलापहरु भएका छन् ?

..................................................................................

४. बालमैत्र शिक्षण सम्बन्धी सम्पूर्ण शिक्षकहरुले ज्ञान प्राप्त गर्नु भएको छ ?

..................................................................................

५. बालमैत्री शिक्षण व्यवस्थापनमा देखा परेका समस्याहरु के के छन् ?

..........................................................................................................

६. यी समस्याहरु कक्षाकोठा व्यवस्थापनसँग सम्बन्धित छन् कि शिक्षण सिकाइ क्रियाकलापसँग सम्बन्धित छन् ?

..................................................................................................................

७. यी समस्याहरु समाधानको लागि के कस्ता प्रयासहरु गर्दै आउनु भएको छ ?

..................................................................................................................

८. भोलिका दिनमा बालमैत्री कक्षाकोठा व्यवस्थापन गरेर शैक्षिक उपलब्धि वृद्धि गर्नका लागि यहाँका थप सुझावहरु के के हुन सक्छन् ?

..................................................................................................................

# बालमैत्री शिक्षण व्यवस्थापन र यसको शैक्षिक प्रभाव

## अनुसूची २

## शिक्षकका लागि प्रश्नावली

**नामः** **विद्यालय :** **ठेगानाः**

**शैक्षिक योग्यता :** **कार्य अनुभवः**

१. यहाँले शिक्षक पदमा रहेर अध्यापन गराउँदै आउनु भएको कति वर्ष भयो ?

........................................................................

२. कक्षाकोठा व्यवस्थापन भन्नाले यहाँले के बुझ्नु हुन्छ ?

........................................................................

३. यहाँको विद्यालयमा विद्यालय वातावरण कस्तो किसिमको रहेको छ ?

........................................................................

४. बालमैत्री शिक्षण सम्बन्धमा तपाईंको विद्यालयमा के कस्ता कार्यकलापहरु भइरहेका छन् ?

..........................................................................................

५. बालमैत्री शिक्षण व्यवस्थापनमा देखिएका समस्याहरु के के हुन सक्छन् ?

.....................................................................................

६. यहाँको विद्यालयमा बालमैत्री शिक्षण व्यवस्थापनमा देखिएका समस्या समाधानका उपायहरु के के हुन सक्छन् ?

..................................................................................................

७. बालमैत्री शिक्षण व्यवस्थापनबाट शैक्षिक क्षेत्रमा के कस्तो प्रभाव पर्ने देख्नु हुन्छ ?

..................................................................................................

८. भोलिका दिनहरुमा बालमैत्री शिक्षण व्यवस्थापनलाई अरु प्रभावकारी बनाउन के कस्ता थप कार्यकलापहरु गर्न आवश्यक देख्नुहुन्छ ?

.......................................................................................

९. बालमैत्री शिक्षण व्यवस्थापनका लागि शिक्षकको तर्फबाट यहाँले के कस्तो भूमिका निर्वाह गर्दै आउनु भएको छ ?

................................................................................

## बालमैत्री शिक्षण व्यवस्थापन र यसको शैक्षिक प्रभाव

## अनुसूची ३

## स्रोतव्यक्तिका लागि प्रश्नावली

**नामः** **स्रोतकेन्द्र** **ठेगानाः**

**शैक्षिक योग्यता :** **कार्य अनुभवः**

१. बालमैत्री शिक्षण व्यवस्थापन बारेमा यहाँको धारणा के कस्तो रहेको छ ?

..........................................................................

२. हाम्रा विद्यालयहरुमा बालमैत्री शिक्षणका वर्तमान अवस्था के कस्तो रहेको छ ?

..........................................................................

३. बालमैत्री शिक्षण व्यवस्थापनमा देखिएका समस्याहरु के के हुन सक्छन् ?

..........................................................................

४. यस प्रकारका समस्याहरु समाधानका लागि के कस्ता प्रयासहरु भएका छन् ?

..............................................................................................

५. यहाँको स्रोतकेन्द्रका सबै विद्यालयमा बालमैत्री कक्षाकोठा व्यवस्थापन हुन सकेको छ ?

.........................................................................................

६. बालमैत्री शिक्षण व्यवस्थापनबाट शैक्षिक क्षेत्रमा पर्ने प्रभाव बारे बताइदिनुहोस् न ?

....................................................................................................

७. भोलिका दिनहरुमा बालमैत्री शिक्षण व्यवस्थापनमा यहाँले के कस्तो भूमिका निर्वाह गर्दै हुनुहुन्छ ?

....................................................................................................

# बालमैत्री शिक्षण व्यवस्थापन र यसको शैक्षिक प्रभाव
## अनुसूची ४
## अभिभावक तथा व्यवस्थापन समितिका सदस्यहरुका लागि प्रश्नावली

**नामः** **विद्यालय :** **ठेगानाः**

१. बालमैत्री शिक्षण बारेमा यहाँको धारणा के कस्तो रहेको छ ?

..............................................................................

२. यस विद्यालयमा बालमैत्री शिक्षण सम्बनधमा के कस्ता कार्यकलापहरु हुँदै आएका छन् ?

..............................................................................

३. परम्परागत व्यवस्थापन र बालमैत्री शिक्षण व्यवस्थापनमा के कस्तो फरक पाउनु भएको छ ?

........................................................................................

४. बालमैत्री शिक्षण व्यवस्थापनमा रहेका समस्याहरु के के हुन सकछन् ? ?

..............................................................................

५. यी समस्याहरु समाधान गर्न के कस्ता कार्यकलाप गर्न आवश्यक देख्नु भएको छ ?

...................................................................................................

६. विद्यालयमा बालमैत्री शिक्षण व्यवस्थापनमा देखिएका समस्या समाधान गर्ने जिम्मेवारी क-कस्को रहेको छ ?

............................................................................................

७. बालमैत्री शिक्षण व्यवस्थापनले शिक्षामा सुधार ल्याउछ भन्नेमा यहाँको धारणा के कस्तो छ ?

.........................................................................................................

८. विद्यालयलाई बालमैत्री शिक्षण व्यवस्थापन गर्दा हुने फाइदा सम्बन्धीमा यहाँको धारणा के कस्तो रहेको छ ?

.........................................................................................................

# बालमैत्री शिक्षण व्यवस्थापन र यसको शैक्षिक प्रभाव

## अनुसूची ५

## विद्यार्थीका लागि प्रश्नावली

**नामः**

**विद्यालय :** **ठेगानाः**

**कक्षा :**

१. तपाइँ कतिकक्षामा अध्ययनरत हुनुहुन्छ ?

.....................................................................................

२. बालमैत्री भन्ने सुन्नु भएको छ कि ?

.....................................................................................

३. तपाइँले पढ्ने विद्यालयमा बालमैत्री शिक्षण सम्बन्धमा के के भएका छन् ?

.....................................................................................

४. के यस विद्यालयमा बालमैत्री तरिकाले व्यवस्थापन गरिएको छ ?

.....................................................................................

५. बालमैत्री व्यवस्थापनमा के के समस्याहरु छन् ?

.....................................................................................

६. यी समस्याहरु को कोसँग सम्बन्धित छन् ?

.....................................................................................

७. यी समस्याहरु समाधानका लागि के के प्रयास भएका छन् ?

.....................................................................................

८. बालमैत्री शिक्षण व्यवस्थापनबाट शिक्षा क्षेत्रमा के कस्ता प्रभाव पर्ने देख्नुहुन्छ ?

.............................................................................................................

९. परम्परागत शिक्षण व्यवस्थापन र बालमैत्री शिक्षण व्यवस्थापनमा कस्तो अन्तर पाउनुभएको छ ?

.............................................................................................................